म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १९९ शुक्रबार, २२ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 6 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दोलखाको वेदिङबाट आफ्नै ५ मतलिएर फर्किए कर्मचारी

हेटौंडा, २१ फागुन/दोलखाको गौरीशंकर गाउँपालिका-९ वेदिङका स्थानीय मतदाताले यसपटक निर्वाचन बहिष्कार गरेका छन् । वेदिङ आधारभूत विद्यालय रोल्वालिङ मतदान केन्द्रमा रहेका ११३ जना मतदाता कोही पनि मतदान गर्न आएनन् । वेदिङका मतदाताले आफ्ना आवाज अहिलेसम्म कसैले पनि नसुनेको र यसपटक कुनै उम्मेदवार मत माग्नसमेत नआएको भन्दै भोट नहाल्ने बताएका थिए । मतदान अधिकृतसहितका कर्मचारी साँझ ५ बजेसम्म मतदातालाई कुरेर बसेका थिए । मतदाताले निर्वाचन बहिष्कार गरेसँगै यो बुथमा प्रत्यक्षतर्फ एकभोट पनि नपरेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले जानकारी दिए । तर, निर्वाचनका लागि खटिएका पाँचजना कर्मचारीले भने समानुपातिकतर्फ मतदान गरेका छन् । सोही मत बोकेर निर्वाचन कर्मचारीको टोली त्यहाँबाट फर्किएको छ । प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार यो केन्द्रको मतपेटिका हेलिकप्टरमार्फत सदरमुकाम ल्याइसकिएको छ ।

### मकवानपुरमा ५९ प्रतिशत मत खस्यो

# आज बिहान सर्वदलीय बैठकपछि मतगणना सुरु गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ प्रतिनिधिसभा सदस्यका लागि बिहीबार भएको निर्वाचनमा मकवानपुरमा ५९ प्रतिशत मत खसेको छ । मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठका अनुसार जिल्लामा रहेका कुल ३ लाख १५ हजार ४ सय ३४ मतदातामध्ये ५९ प्रतिशत अर्थात् करिब १ लाख ८६ हजार ५ सय ५१ मत खसेको हो ।

जसमध्ये ९६ हजार ६ सय ३४ पुरुष, ८९ हजार ९ सय १२ महिला र अन्य ५ जनाले मत हालेका थिए । २ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा क्षेत्र नं. १ मा ४७ हजार ६ सय ७० पुरुष, ४७ हजार ६ सय ३६ महिला र अन्य ४ जना गरी कुल ९५ हजार ३ सय १० जनाले मत हालेका थिए । त्यसैगरी क्षेत्र नं. २ मा ९१ हजार २ सय ४१ मत खसेको थियो । जसअन्तर्गत ४८ हजार ९ सय ६४ पुरुष, ४२ हजार २ सय ७६ महिला र अन्य १ जनाले मतदान गरेका थिए ।

यसअघिको प्रतिनिधि सभा निर्वाचनमा पनि मकवानपुरमा झण्डै यही हाराहारीमा मत खसेको थियो । मतदान जिल्लाभर शान्तिपूर्णरुपमा सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत श्रेष्ठले जानकारी दिइन् । मतदान सम्पन्न भएसँगै अहिले जिल्लाभरका मतदान केन्द्रबाट मतपेटिका संकलन गर्ने काम भइरहेको छ ।

हेटौंडा उपमहानगर भित्रका मतदान केन्द्रका मतपेटिका मतगणनास्थल भुटनदेवी माध्यमिक विद्यालयमा ल्याउने क्रम जारी रहेको छ भने अन्य स्थानका मतपेटिका पनि रातिसम्म ल्याइने बताइएको छ । भौगोलिक अवस्थाका कारण मकवानपुरका केही मतदान केन्द्रका मतपेटिका भने छिमेकी



जिल्लाको सडक प्रयोग गरेर ल्याउनुपर्ने अवस्था रहेको छ ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अनुसार क्षेत्र नम्बर-१ अन्तर्गत पर्ने बकैया गाउँपालिकाको तीन मतदान केन्द्रका मतपेटिका बारा र रौतहट हुँदै मतगणनास्थल ल्याइनेछ । बकैया-१ स्थित सरस्वती माध्यमिक विद्यालय मोरङे र वडा नम्बर-२ को बालविकास निमावि सरस्वती भमरा मतदान केन्द्रका मतपेटिका रौतहटको चद्रपुर हुँदै ल्याइनेछ ।

त्यस्तै बकैया-६ स्थित राष्ट्रिय कालिका प्राथमिक विद्यालयको मतपेटिका बारा जिल्लाको निजगढ हुँदै ल्याइने निर्वाचन अधिकारी हरि ढकालले जानकारी दिए । यसैगरी, क्षेत्र नम्बर-२ अन्तर्गत पर्ने राक्सिराङ गाउँपालिकाको चार मतदान केन्द्रका मतपेटिका चितवन हुँदै ल्याइदैछ ।

वडा नम्बर-६ का राष्ट्रिय माध्यमिक विद्यालय सिलिङे र आयुर्वेद औषधालय सिलाधुनी, वडा नम्बर-७ का सातकन्या आधारभूत विद्यालय र दाम्राङ प्राथमिक विद्यालय तथा वडा नम्बर-८ स्थित ठूलोतोङ्के मावि मतदान केन्द्रका मतपेटिका चितवनको राप्ती नगर पालिका-भण्डारा हुँदै मतगणनास्थल ल्याइनेछ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार मतपेटिका संकलन गरी शुक्रबार बिहान ७ बजेका लागि सर्वदलीय बैठक आह्वान गरिएको छ । सर्वदलीय बैठक सम्पन्न भएलगतै मतगणना सुरु गरिनेछ ।

मकवानपुर जिल्लाका दुवै निर्वाचन क्षेत्रको मतगणनास्थल भुटानदेवी माविलाई तोकिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माविको दुईवटा ब्लकमा मतगणना गर्ने तयारी गरिएको र सोहीअनुसार मतगणनास्थलको सुरक्षा व्यवस्था मिलाइएको छ । मतगणनास्थलमा सीसीटीभी क्यामेरा सहित तारजाली लगाइएको छ । मुख्य निर्वाचन अधिकृत श्रेष्ठका अनुसार मकवानपुर-१ को मतगणना भुटनदेवी माध्यमिक विद्यालयको उत्तर तर्फको भवन 'ब्लक ए'मा गरिनेछ भने मकवानपुर-२ को मतगणना 'ब्लक बी'मा गरिनेछ ।

क्षेत्र नं. १ मा नेपाली काँग्रेसबाट महालक्ष्मी उपाध्याय 'डीना', नेकपा एमालेबाट रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीबाट विजय गौतम तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंहले उम्मेदवारी दर्ता गराएका थिए भने राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश गौतम, श्रमसंस्कृति पार्टीबाट विद्या श्रेष्ठ, उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल, नेकपा माओवादीबाट महेश नेपाली, जनता समाजवादी पार्टीबाट रुपक लामा, एकल निर्वाचन चिन्हसहित जनता समाजवादी पार्टीबाट दीपक सिलवाल, नेशनल मंगोल अर्गनाइजेशनबाट युवराज स्याङतानले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी, अमर दंगाल, अमिक परिवार, टीकाप्रसाद चौंलागाईं, प्रमिलाकुमारी खतिवडा, मठु पुलामीमगर, राकेशकुमार शर्मा, राजकुमार खड्का, राजाराम बोगटी, शिला सुवेदी र ज्ञानसागर लामाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसबाट जिल्ला पार्टी सभापति समेत रहेका बुद्ध लामा, नेकपा एमालेबाट महेश बर्तौला र नेकपाबाट लवशेर विष्टले उम्मेदवारी दिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रशान्त उप्रेती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर, श्रमसंस्कृति पार्टीबाट युनिश लामा स्याङतान, उज्यालो पार्टी नेपालबाट प्रवीणकुमार स्याङतान, राष्ट्रिय जनमोर्चाबाट नीरबहादुर सिन्तान, प्रलोपाबाट सन्तोष विष्ट, नेशनल मंगोल अर्गनाइजेशनबाट हीरालाल स्याङतान, नेपाल मजदुर किसान पार्टीबाट सरोज तामाङ, नेकपा माओवादीबाट राम घलान वाटर तथा संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजाले उम्मेदवारी दर्ता गराएका थिए ।

यस्तै, आमजनता पार्टीबाट सूर्य राई र जनता समाजवादीबमाट छविलाल वाइबाले एकल चुनाव चिन्ह लिएर उम्मेदवारी दिएका थिए । क्षेत्र नम्बर २ बाट अमृत बल, कृष्णाराम श्रेष्ठ, प्रतिक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बल ५ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

### औषतमा ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान

# प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानकार्य शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएको छ ।

निर्वाचन आयोगका अनुसार बिहीवार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको मतदानमा करिव ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान गरिएको निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताएका छन् । उनले विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्णरुपमा सम्पन्न भएको जानकारी दिएका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकको प्रारम्भिक विवरण अनुसार छिटफुट अवरोधका घटनाबाहेक देशभरको निर्वाचन शान्तिपूर्ण रहेको उनले बताए । कार्यवाहक प्रमुखआयुक्त भण्डारीले मतदानकार्यको समाप्तिसँगै मतपेटिका सुरक्षितरुपमा संकलन भएपछि 'निर्वाचन निर्देशिका २०८२' अनुसार तत्काल मतगणना सुरु गरिने जानकारी दिएका छन् ।

'प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानकार्य आज बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म शान्तिपूर्ण र उत्साहजनकरुपमा सम्पन्न भएको छ । विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचन तोकिएकै मितिमा उत्साहजनकरुपमा सम्पन्न गराउने कार्य आफैंमा चुनौतीपूर्ण थियो ।

यस कार्यमा सहयोग, सहकार्य र समन्वयका लागि निर्वाचन आयोग, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, आममतदाता, पर्यवेक्षक, सञ्चारकर्मीप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ । हालसम्म प्राप्त विवरणअनुसार करिव ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान छ' उनले भने ।

आयोगकाअनुसार भौगोलिक रुपमा विकट १५ वटा दुर्गम जिल्लामा हेलिकप्टरमार्फत मतपेटिका ढुवानी भइरहेको छ । जसमध्ये ताप्लेजुङ, रसुवा, दोलखा, बझाङ र पूर्वी रुकुमका सम्पूर्ण मतपेटिका आजै सम्बन्धित मतगणना स्थलमा पुऱ्याइने लक्ष्य राखिएको छ । त्यसैगरी, संखुवासभा, सोलुखुम्बु, गोरखा, पश्चिम रुकुम, मनाङ, बाजुरा र हुम्लामा भने शुक्रवार बिहान मात्र मतपेटिका मतगणना स्थलमा पुऱ्याइने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताएका छन् ।

# भीमफेदी कारागारका १४३ जना कैदीबन्दीले मतदान गरे



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ भीमफेदी कारागारमा रहेका १४३ जना कैदीबन्दीले मतदान गरेका छन् । १ सय ३९ पुरुष र चार महिला कैदीबन्दीले भीमफेदी कारागार मतदानस्थलमा मतदान गरेको मतदान अधिकृत विष्णु पौडेलले जानकारी दिएका छन् ।

सोही मतदान केन्द्रमा ६ जना कर्मचारीले पनि मतदान गरेका थिए । मतदान अधिकृत पौडेलका अनुसार कैदीबन्दी र कर्मचारी सहित यो केन्द्रमा १४९ जनाले मतदान गरे । मतदाता नामावलीमा १६६ जनाको नाम उल्लेख भएपनि विविध कारणले सबैजना मतदानमा सहभागि हुन नसकेको उनले बताए । उनीहरुले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने व्यवस्था छ ।

मकवानपुरमा १६७ मतदानस्थल र ३७४ मतदान केन्द्र रहेको थियो । जिल्ला प्रशासन कार्यालय मकवानपुर र कारागार कार्यालय भीमफेदीमा अस्थायी मतदान केन्द्र निर्माण गरिएको थियो । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा तीन लाख १५ हजार ३३४ जना मतदाता छन् ।



साझाकुरा

## हाम्रो कुरा

# शान्तिपूर्ण निर्वाचन

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि आज मुलुकभर १६५ वटा निर्वाचन क्षेत्रमा एकैचरणमा मतदान सम्पन्न भएको छ । छिटपुट घटनाबाहेक यो निर्वाचन शान्तिपूर्ण नै रहेको छ । यो निर्वाचनबाट प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सांसद निर्वाचित हुनेछन् । नेपालमा आज सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन समग्रमा शान्तिपूर्ण र व्यवस्थितरुपमा सम्पन्न हुनु लोकतान्त्रिक अभ्यासका लागि अत्यन्त सकारात्मक संकेत हो । लोकतन्त्रको मूलआधार भनेकै नागरिकको मताधिकारको सम्मान र त्यसको प्रयोग हो । आज लाखौँ मतदाताले आफ्नो अमूल्य मत प्रयोग गर्दै देशको राजनीतिक दिशालाई तयगर्ने प्रक्रियामा सक्रिय सहभागिता जनाएका छन् । यसका लागि सम्पूर्ण मतदाता बधाई तथा धन्यवादका पात्र छन् । निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, यो जनताको सार्वभौम अधिकारको प्रयोग पनि हो । मतपेटिकामा खसालिएको प्रत्येक मतले जनताको चाहना, अपेक्षा र भविष्यको परिकल्पनालाई व्यक्त गर्दछ ।

आजको निर्वाचनमा नागरिकले देखाएको उत्साह, संयमता र जिम्मेवारीले नेपालको लोकतन्त्रप्रति जनविश्वास अझ बलियो रहेको सन्देश दिएको छ । मतदाताले पुराना दललाई भन्दा नयाँ शक्तिलाई परीक्षण गर्न खोजेको अवस्था पनि देखियो । निर्वाचनको सफल सञ्चालनका लागि राज्यका विभिन्न निकाय, सुरक्षाकर्मी, कर्मचारी तथा स्वयंसेवकले निभाएको भूमिका पनि प्रशंसनीय छ । मतदान केन्द्रहरुमा देखिएको अनुशासन, सहकार्य र शान्तिपूर्ण वातावरणले लोकतान्त्रिक संस्कृतिको परिपक्वता झल्काएको छ । विभिन्न राजनीतिक दलका उम्मेदवार र कार्यकर्ताले पनि अधिकांश स्थानमा संयमता अपनाउँदै निर्वाचनलाई शान्तिपूर्ण बनाउने प्रयास गरे । लोकतन्त्रमा मतदाताको सहभागिता नै सबैभन्दा ठूलो शक्ति हो । कठिन भौगोलिक अवस्था, मौसम र अन्य चुनौतीका बाबजुद पनि मतदाता मतदान केन्द्रसम्म पुगेर आफ्नो कर्तव्य निर्वाह गर्नु वास्तवमै सराहनीय विषय हो । यसले देशप्रति नागरिकको जिम्मेवारीबोध र लोकतन्त्रप्रतिको आस्था स्पष्टरुपमा देखाउँछ । आजको शान्तिपूर्ण निर्वाचनले नेपालमा लोकतान्त्रिक अभ्यास क्रमश: संस्थागत हुँदै गएको संकेत दिएको छ । विगतमा भएका विभिन्न राजनीतिक उतारचढावका बाबजुद पनि नेपाली जनता लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्ध रहेको तथ्य पुन:प्रमाणित भएको छ । यसले आगामी दिनमा पनि निर्वाचन प्रक्रिया अझ पारदर्शी, निष्पक्ष र विश्वसनीय बनाउन प्रेरणा दिएको छ । अब निर्वाचन सम्पन्न भइसकेपछि सबै राजनीतिक दल र उम्मेदवारले मतपरिणामलाई लोकतान्त्रिक भावनासहित स्वीकार गर्नुको बिकल्प छैन । विजय वा पराजय लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । महत्वपूर्ण कुरा भनेको जनमतको सम्मान र लोकतान्त्रिक प्रणालीप्रतिको प्रतिबद्धता हो । अन्तत: आज शान्तिपूर्णरुपमा सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन नेपालको लोकतान्त्रिक यात्रामा अर्को महत्वपूर्ण उपलब्धि हो ।

देशका सम्पूर्ण मतदातालाई आफ्नो अमूल्यमत प्रयोग गरी लोकतन्त्रलाई सुदृढ बनाएकोमा हार्दिक धन्यवाद दिनै पर्छ । जनताको यही सचेत सहभागिताले नेपालको लोकतन्त्रलाई अझ बलियो, स्थायी र समावेशी बनाउने विश्वास गर्न सकिन्छ । २ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको थियो । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित तथा शान्तिपूर्णरुपमा सम्पन्न गराउन निर्वाचन व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण उपाय अवलम्बन गरिएको थियो । मकवानपुरका १ सय ६७ मतदानस्थल अन्तर्गतका ३ सय ७४ वटै मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान गरिएको हो । मतदान सम्पन्न भएलगत्तै मतपेटिका मतगणनास्थल भूटनदेवी माध्यमिक विद्यालयमा ल्याउने क्रम जारी रहेको छ । निर्वाचन क्षेत्र नम्बर १ को 'ए' ब्लक र निर्वाचन क्षेत्र नम्बर २ को 'बी' ब्लकमा मतगणना हुने गरी गणनास्थल व्यवस्थित बनाइएको छ । अन्य जिल्ला हुँदै ल्याउनुपर्ने ८ वटा मतदान केन्द्रका मतपेटिका राति अबेरसम्म ल्याइने गरी व्यवस्था मिलाइएको छ । मतगणना भोलि शुक्रबार बिहान ७ बजे बोलाइएको सर्वदलीय बैठक पछि मात्र सुरु हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २३ गते शनिबार ७ मार्च २०२६ । चतुर्थी चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२५ सूर्यास्त ६:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# घोषणात्मक संविधान र चुनावी वाचा



✍ काशीराज दाहाल

नेपालमा चुनावी घोषणापत्र, सरकारको वार्षिक नीति कार्यक्रम, योजना आयोगका योजना, संविधानका निर्देशक सिद्धान्त र नीतिहरू व्यवहारमा रूपान्तरण गर्नेभन्दा आश्वासनको पत्रजस्तो बन्दै गएका छन् । यस्तै नयाँ सरकारको एक सय दिनको उपलब्धिपत्र र सरकार छोड्दा सरकारले गरेका कामको फेहरिस्त हेर्दा मुलुक समृद्ध भइसकेछ भन्ने जस्तो लाग्छ । स्थिति भने त्यस्तो देखिन्न । यस्तो हुँदो हो त विश्वका मुलुकहरूमध्ये भ्रष्टाचारको सूचीमा नेपाल ११० औँ स्थानमा, विधिको शासनको दृष्टिले १०१ भन्दा तल र सुख एवं समृद्धिमा ९५ औँ स्थानमा र ऋणको भार २६ खर्बभन्दा बढी देखिन्नथ्यो । यस्तो स्थिति हुनुमा राजनीतिक प्रणाली नै दोषपूर्ण भन्दै विगतदेखि व्यवस्था पनि पटक-पटक बदलिएकै छ ।

२००७ सालभन्दा पहिले प्रजातन्त्र नभई जहानियाँ निरङ्कुश राणा शासन भएकाले मुलुक पछौटे हुनुको कारण मानियो । प्रजातन्त्र स्थापना भएपछि समृद्धि हासिल हुन्छ भन्ने ठानियो । दलहरूकै आन्तरिक कलह र स्वार्थले दलहरू फुट्ने र टुक्रने कारण निरङ्कुश निर्दलीय व्यवस्था राजाबाट लागू गरियो । पञ्चायत व्यवस्था कुनै राजनीतिक विचारधारामा आधारित थिएन । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको विरुद्ध मानी जनआन्दोलनमार्फत २०४६ सालमा पञ्चायती व्यवस्था समाप्त गरी बहुदलीय शासन व्यवस्था पुनर्स्थापना गरियो । निरंकुश राजतन्त्रलाई संवैधानिक राजतन्त्र बनाइयो । आम निर्वाचनको प्रक्रियाद्वारा दलहरूको शासनबाट प्रजातन्त्रलाई संस्थागत गर्ने संवैधानिक वाचा गरियो । दलभित्रको आन्तरिक कलहले गर्दा सत्ताबाट बहिर्गमन हुनुभन्दा संसद् नै विघटन गर्ने प्रवृत्तिहरूको विकास हुन पुग्यो । सरकारले सुशासन दिन नसक्दा सशस्त्र विद्रोह र राजाको प्रत्यक्ष स्वेच्छाचारी शासन नेपाली जनताले भोग्नुपर्‍यो ।

२०६२/०६३ सालको जनआन्दोलनको परिणाम राजतन्त्रको विधिवत् अन्त्य गर्दै राज्यको पुनर्संरचना, समावेशी लोकतान्त्रिक व्यवस्था, शक्तिको निक्षेपण, दिगो शान्ति, विकास र सुशासनको संवैधानिक व्यवस्था संविधानसभामार्फत प्रत्याभूत गरियो । विगतका राजनीतिक प्रणालीहरू दोषयुक्त भएकाले राजनीतिक प्रणालीको परिवर्तनबाट नै समृद्ध मुलुक निर्माण हुन्छ भन्ने राजनीतिक वाचा गरियो । नेपालको इतिहासमा विश्वका १७ वटा मुलुकहरू स्वतन्त्र राज्यको रूपमा रहँदा नेपाल पनि सधैँ एक स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राज्यको रूपमा विश्वमानचित्रमा रह्यो । त्यसबेला विश्वका ठूलठूला भूभाग भएका राज्यहरू पनि उपनिवेश मुलुकको रूपमा रहँदा नेपाल कहिल्यै कसैको गुलाम र उपनिवेशमा पर्न दिइएन । नेपाली अग्रज वीरहरूले नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाभिमान कायमै राखेको बलियो इतिहास साक्षी छ ।

नेपालीहरूको वीरताको प्रदर्शनबाट त्यसबेलाको ब्रिटिस साम्राज्य पनि पराजित भएको थियो । यस्तो बलियो राज्य भूराजनीतिको प्रभावबाट किन डगमगाएजस्तो गर्नुपर्‍यो ? आन्तरिक शक्ति कमजोर र विभाजित हुँदा अन्य बाह्य शक्तिले आफ्नो स्वार्थ पूरा गर्न राजनीतिक पसलहरू खोल्न सक्दछन् । त्यस्ता पसल भइदिने स्थिति भइदियो भने मुलुकको राष्ट्रिय स्वार्थ कमजोर भई राष्ट्रघात हुन पुग्दछ ।

### संवैधानिक सङ्कल्प र कार्यान्वयन

विगतका संविधानहरू जनताले नबनाएको कारण ती संविधानहरू जनताबाट स्वीकार्य नहुँदा संविधानसभामार्फत नै बन्नुपर्दछ भन्ने राजनीतिक शक्तिहरूको बीचमा मतैक्य भई मुलुकले संविधानसभा रोज्यो । अन्तरिम संविधानले निर्दिष्ट गरेको समयसीमाभित्र संविधानसभाले संविधान दिन नसकी म्याद थप गर्दै लगियो । अन्तत: अदालतले म्याद थप गर्न पाइन्न भन्ने निर्णय सुनाएपछि पहिलो संविधानसभा संविधान बनाउन नै नसकी अवसान हुन पुग्यो । हुन पनि राजनीतिक प्रश्नहरू राजनीतिक तहबाट नटुंग्याइकन संविधानसभाले टुंग्याउने अवस्था हुँदैनथ्यो । दोस्रो संविधानसभाले संविधान जारी गर्नुपूर्व राजनीतिक दलहरूले १६ बुँदे सहमति गरेपछि संविधानसभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गर्‍यो ।

नेपालको संविधान धेरै धनराशि र समय खर्च गरी मुलुकमा राजनीतिक स्थायित्व र समृद्धि प्रदान गर्ने उद्देश्यका साथ जारी भयो । संविधानसभाले अत्यधिक बहुमतले पारित गरी जारी गरेको भए पनि राजनीतिक दलहरूले आफ्नो निहित स्वार्थ अनुकूल हुने गरी संविधानलाई प्रयोग गर्न खोज्दा जेनजी विद्रोह सिर्जना भयो । २०८२ भदौ २३ गतेको जेनजी विद्रोह/आन्दोलनको कारण अत्यधिक बहुमतले जारी गरेको संविधान शासन सञ्चालन गर्नेहरूको अकर्मण्यताले सङ्कटमा पुग्यो । सर्वोच्च अदालतबाट २०६९ सालमा जुन न्यायमूर्तिबाट 'संविधानसभाको म्याद थप्न नपाइने' भन्ने फैसला गरियो, २०७० सालमा उनै न्यायमूर्ति (प्रधानन्यायाधीश) मन्त्रिपरिषद्को अध्यक्ष भई शक्ति पृथकीकरणको सिद्धान्तविपरीत हुँदा पनि दलहरूको दलीय असहिष्णुताका कारण संवैधानिक विधिशास्त्रको मान्यताविपरीत प्रधानन्यायाधीशलाई कार्यकारी प्रमुख बनाइयो । अहिले पनि यस्तै स्थिति देखियो ।

नेपालको संविधानले 'पूर्ववर्ती राजनीतिक प्रणालीले दिगो विकास र समृद्धि प्राप्तिमा बाधक' भन्ने आधारमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने सङ्कल्पका साथ सैँय समावेशी लोकतान्त्रिक शासन प्रणाली अपनाएको अवस्था हो । संविधानले विगतको पीडा, वर्तमानको आकाङ्क्षा र भविष्यको सुनिश्चितताका निम्ति सोहीअनुरूपका व्यवस्थाहरू समावेश गर्‍यो । परिवर्तनशीलतालाई सापेक्षमा संविधानभित्रैको प्रक्रियाबाट सुधार गर्न सकिने लचकताको व्यवस्थासमेत गर्‍यो । २०४७ सालको संविधानले 'आधारभूत संरचनाहरू' जनताले चाहेर पनि संशोधनको प्रक्रियाबाट परिवर्तन गर्न नसकिने व्यवस्थाहरू गरेको कारण एकपटक पनि संशोधन नभई त्यो संविधान नै समाप्त भयो ।

नेपालको संविधानले प्रदान गरेको आर्थिक-सामाजिक हक लगायतका कतिपय विषयहरू राज्यको अहिलेको क्षमताले धान्न नसक्ने ज्यादै महत्त्वाकाङ्क्षी व्यवस्था भए पनि राज्यलाई त्यसतर्फ क्रियाशील गराउन बाध्य बनाउने किसिमले राखिएको भन्ने अर्थमा रहेको छ । संविधान जारी भएपछि संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने कतिपय महत्त्वपूर्ण कानुनहरू निहित स्वार्थका कारण दस वर्ष बितिसक्दा पनि बन्न सकेनन् । बनाइएका कतिपय कानुनहरूको कार्यान्वयन पनि हुन सकेको छैन । संविधानले कानुनी राज्यको अवधारणा र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा शासन सञ्चालन गर्ने उद्घोष गरेको भए पनि स्वार्थ समूहको हितमा कतिपय कानुन बन्ने, बनेका कतिपय राम्रा कानुनहरू पनि लागू नहुने, कानुन मिच्ने, पालना नगर्ने, स्वार्थ समूहकै हितमा काम गर्ने प्रवृत्तिले सुशासनको अवस्था ज्यादै कमजोर रहन पुग्यो ।

संविधान निर्माणका सम्बन्धमा जनताबाट प्राप्त भएका अत्यधिक सुझावको प्रतिकूल हुने गरी कतिपय विषयहरू समावेश भएकाले संविधानप्रतिको जनताको अपनत्व र स्वीकारोक्ति त्यति मजबुत हुन नसक्दा द्वन्द्वका बाछिटाहरू बेलाबेलामा प्रकट भइरहेको अवस्था छ । सुशासनबाटै समृद्धि हासिल गर्ने संवैधानिक सङ्कल्प गरिए पनि व्याप्त भ्रष्टाचारका कारण जेनजी विद्रोह हुन पुगेको स्थिति हो । जुन राजनीतिक शक्तिले संविधान बनाए, तिनै राजनीतिक शक्तिहरू आलोपालो सरकार र सत्तामा पुग्दा पनि संविधानले निर्दिष्ट गरेको मार्गचित्रबमोजिम कार्य गर्न असफल हुँदा दलको नेतृत्वप्रति जनताको वितृष्णा बढ्दो देखिन पुग्यो । लोकतान्त्रिक व्यवस्थाको सुन्दरतम पक्ष भनेकै जनमत गुमाएको सरकार गणितको आधारमा मात्र टिक्न नसक्ने अवस्था देखिएको छ ।

राज्य बलियो हुन जनताको राज्यप्रतिको वफादारिता र शासकको जनताप्रतिको जिम्मेवारी मजबुत हुनुपर्दछ । संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय स्वार्थको रूपमा राखेको भए पनि नागरिक शिक्षाको अभाव, नागरिक कर्तव्यबाट विचलन, संविधान र कानुन मान्ने संस्कृतिको अभाव जस्ता विभिन्न कारण राष्ट्रिय एकता र सामाजिक सद्भाव बलियो हुन सकेको देखिन्न । यसो हुँदा बाह्य शक्तिहरूको चलखेल बढ्न जाने हुन्छ । आजको विश्वमा शक्तिशाली राष्ट्रहरूले कमजोर मुलुकको सभ्यता र संस्कृतिमा अतिक्रमण गर्ने कार्यहरू बढ्दो छ ।

### घोषणापत्र र प्रतिवेदनका चाङैचाङ

नेपालमा प्रशासन सुधार, सुशासन, आर्थिक विकास, समय-समयमा गठन हुने जाँचबुझ आयोगका प्रतिवेदनहरू र चुनावी घोषणापत्रहरूको चाङमा कुनै कमी छैन । जहिले पनि तदर्थ जस्तो किसिमबाट शासन प्रणाली चलिरहेको छ । जनताबाट अनुमोदित सरकार वा हुकुमी सरकार कसैले पनि दृढ इच्छाका साथ कार्यान्वयन नगर्दा मुलुक पछि पर्न गएको यथार्थ हो । सत्ता र शक्तिमा रहुन्जेल सुशासनका कुरा सधैँ बिर्सिने र सत्ता बहिर्गमन भएपछि फेरि घोषणाका पुलिन्दाहरू मोटो बनाई जनतामा पुग्ने प्रवृत्तिहरू विगतदेखि नै चलिआएको खेती हो । अब पनि यस्तो प्रवृत्तिगत खेतीको अन्त्य हुनुपर्दछ ।

नेपालमा २००७ सालपछि प्रशासन सुधार र सुशासनका सम्बन्धमा प्राय: सबै प्रधानमन्त्रीले आयोग गठन गर्ने, सुझाव लिने तर आफैँ कार्यान्वयन गर्न उदासीन हुने स्थिति तथ्यगत रूपमा देखिएको छ । राम्रा कुरा जुनसुकै प्रधानमन्त्री वा सरकारले गरे पनि त्यसलाई अन्य प्रधानमन्त्री वा सरकारले पनि कार्यान्वयन गर्न तत्परता र सक्रियता नदेखाई आयोगमाथि आयोग गठन गर्ने, जिम्मेवारी पन्छाउने र जालझेल गरेर भए पनि शक्तिमा बसिराख्ने प्रवृत्तिले मुलुकको समृद्धि हुन सक्दैन ।

जेनजी आन्दोलनको पृष्ठभूमिमा घोषित चुनावका सम्बन्धमा चुनावी घोषणापत्र, सङ्कल्पपत्र, करारनामा, वाचापत्र, प्रतिबद्धतापत्र जे जस्ता शब्दावली प्रयोग गरी वाचाहरूको चाङ मतदाताहरूसमक्ष प्रस्तुत गरेको देखिन्छ । सुशासनको सुनिश्चितता, भ्रष्टाचारको अन्त्य, रोजगारीको सिर्जना, बेरोजगारीको अन्त्य, समानताको प्रत्याभूति, सीमान्तकृत वर्ग-समुदायको उत्थान, विकास र सशक्तिकरण र मुलुकको समस्या समाधान गरी समृद्धिहरू हासिल गर्ने कुरामा दलहरूको बीच एक किसिमको प्रतिस्पर्धा नै देखिन्छ । कसको घोषणा अब्बल भन्ने कुरामा होडबाजी छ । विगतमा पनि यस्ता घोषणा/प्रतिबद्धता नभएका होइनन् ।

निर्वाचन सम्पन्न भएपछि घोषणापत्रहरू थन्किने, स्वार्थ समूहको हितमा नीति, कानुन, योजना, बजेट बन्ने प्रवृत्तिले मतदातामा निराशा र वितृष्णा पैदा भई सडक र सामाजिक सञ्जालमा विद्रोहको अभिव्यक्ति व्यक्त भएको अवस्था हो । अब पनि भ्रम फैलाई सत्ता चलाउन सक्ने अवस्था हुँदैन । यस कुरालाई राजनीतिक दल, तिनका नेतृत्व र उम्मेदवारहरूले समयमै बुझ्नुपर्ने हुन्छ । राजनीतिक दलहरूले संविधान संशोधनका अन्तर्वस्तुहरू के-के हुन् ? मुलुकका विभिन्न क्षेत्र र समुदायका समस्याहरू के-के हुन् ? द्वन्द्व र विद्रोहको कारण के-के हो? भन्ने जस्ता विषयहरूमा सूक्ष्म अध्ययन गरी त्यस्ता समस्याहरूको समाधान कति समयभित्र के-कुन प्रक्रियाबाट गरिन्छ ? भन्ने ठोस कुराहरू कार्ययोजना र कार्यतालिकासहित तयार गरी लागू गर्न सक्ने कुराहरू उल्लेख गरी कार्यान्वयन गरेमा नै घोषणापत्रको महत्त्व रहन्छ । अन्यथा समय र श्रम खर्चिएर बनाएको घोषणापत्र केवल चुनावी खपतका निम्ति कागजी पुलिन्दा जस्तो मात्रै हुन्छ ।

### संवैधानिक नैतिकतामा क्षयीकरण

संविधानले निर्दिष्ट गरेको मूल्य, मान्यता र सिद्धान्तअनुकूल शासन सञ्चालन गरिएन भने संविधान समाप्त हुन्छ । २०४७ सालको संविधानले आत्मसात् गरेको संवैधानिक सीमाभित्र राजनीतिक शक्ति र राजाले समेत विपरीत काम गर्दा संविधान र राजतन्त्र नै अन्त्य भयो । विश्वमा लोकतान्त्रिक संविधान अलोकतान्त्रिक व्यवहारले समाप्त भएका छन् । राज्यशक्ति सञ्चालन गर्नेहरूले संवैधानिक नैतिकताका आधारमा आफ्ना आचरण र व्यवहारहरू केन्द्रित गर्न सक्नुपर्दछ ।

संवैधानिक नैतिकता भनेको संविधानमा अन्तर्निहित आधारभूत मूल्य, मान्यता र सिद्धान्त हो । यस्ता सिद्धान्तहरूमा विधिको शासन, सुशासन, समानता, न्याय, स्वतन्त्रता, सामाजिक न्याय, मानव अधिकार, दिगो विकास र शान्तिको स्थापनाका निम्ति निर्देशित मार्गदर्शन हो । यिनै मार्गदर्शनका आधारमा शासन सञ्चालन गर्न विधायिकाले न्यायपूर्ण कानुन बनाउने, कार्यपालिकाले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र न्यायपालिकाले समयमै विवाद निरूपण गरी न्याय प्रदान गर्ने हो । संवैधानिक संस्कृतिको विकासद्वारा संवैधानिक नैतिकतालाई प्रवर्द्धन गर्ने संस्कारको विकास नगरेसम्म चुनावी घोषणापत्र र संवैधानिक प्रतिबद्धता लागू हुन्छ भन्न सकिँदैन ।

विधिशास्त्रीहरूले संविधानलाई हेर्ने सम्बन्धमा- संविधान राजनीतिको उपज भए पनि संविधानले समग्र समाजको अवस्थालाई प्रतिविम्ब गरी शासकले शासन गर्दा संविधानको सर्वोच्चता र संवैधानिक नैतिकताको सीमाभित्र रही शासन सञ्चालन गरेमा नै संवैधानिक व्यवस्थाले गतिशीलता प्रदान गर्ने हो । संविधान र कानुन देखाउनका निम्ति बनाउने नभई लागू गर्न बनाइएको हुन्छ भन्ने अनुभूति कार्यान्वयनबाट देखिनुपर्दछ । कुनै पनि संविधान आफैँमा पूर्ण हुँदैन । स्वच्छ अभ्यास, समसामयिक संशोधन र न्यायिक व्याख्याद्वारा गतिशीलता प्रदान गरिन्छ । नेपालको सन्दर्भमा संवैधानिक नैतिकतामा आएको क्षयीकरणले विद्रोह, आन्दोलन र वितृष्णाको अवस्था सिर्जना गरेको हो भन्ने तथ्यलाई मनन गरी राजनीतिक दल, सरकार र शासकीय निकायहरूले संवैधानिक नैतिकताका आधारमा कार्य गर्ने संस्कृतिको विकास गर्न सकेमा नै संवैधानिक प्रणाली बलियो हुन सक्तछ ।

### संविधान नै घोषणापत्र

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा राज्यको दायित्व र विभिन्न भागमा उल्लिखित विषयहरू नै राज्य र समाज सञ्चालन गर्न मार्गदर्शनको रूपमा रहेका छन् । यिनै व्यवस्थाहरू घोषणापत्रजस्ता देखिन्छन् । यस्ता कुरा नलेखिएको राज्य व्यवस्थामा चुनावी घोषणापत्रको आवश्यकता पर्न सक्छ । हाम्रो सन्दर्भमा संविधान नै घोषणात्मक किसिमको छ । संविधानका यी घोषणात्मक व्यवस्थाहरूलाई कार्ययोजना र कार्यतालिका बनाई लागू गर्ने सङ्क्षिप्त प्रतिबद्धता र संविधानमा नै सुधार गर्नुपर्ने कुरा उल्लेख गरेको संक्षिप्त चुनावी प्रतिबद्धता भए पुग्छ । जनताका माझमा व्यक्त गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्ने दृढ राजनीतिक इच्छाशक्ति भएमा नै कार्यान्वयन हुने हो । निर्वाचनले जनआन्दोलन र विद्रोहको उपलब्धिलाई संस्थागत गर्न सकेमा नै संवैधानिक लोकतन्त्र जीवन्त हुन सक्तछ ।

*(साभार: अनलाइनखबर)*

# उर्लिएको रिस र यसलाई शान्त पार्ने उपाय

✍अनील श्रेष्ठ

रिसको बिउ नै राग र तृष्णा हो । राग भएको मानिसले इच्छा गरेको कुरा पूरा नभएमा उसलाई झनक्क रिस उठिहाल्छ । फेरि अर्को बिउ हो हाम्रा इन्द्रियहरु- कान, नाक, आँखा, जिब्रो र शरीरको छाला । यिनीहरु सबैले आ-आफ्नो काम नियमित गरिराख्नु प्राकृतिक नियम हो- चारैतिर हेर्नु, आवाज सुन्नु, कुनै कुरा सुँघ्नु, खानाको स्वाद लिनु । अनि त्यसैमा लोभ लागेर आएपछि रिसको जन्म हुने हो । भनाइ पनि छ- 'लोभले लाभ, लाभले विलाप ।' आँखाले देखेपछि मनले देखेको उक्त चिजलाई आफ्नो बनाउन पाए हुन्थ्यो भन्ने राग तथा तृष्णा जागिरहन्छ । जिब्रोले पनि स्वाद लिने, जसको परिणाम अर्कै छ । जिब्रोले आफ्नो काम थपी-थपी खान पाए हुन्थ्यो भन्ने हुन्छ । आँखाले देखेका चिजहरु आफ्नो बनाउन कसले इच्छा राख्दैन र ? आहा ! कस्तो राम्रो भन्ने र इच्छा जाग्ने हुन्छ । मुखले पनि त जिब्रोले लिइराखेको स्वादलाई दोहोर्‍याउन-तेहर्‍याउन चाहनु र त्यसैमा भुलिरहनु राम्रो होइन र ? त्यसैलाई त्याग्न नसके पैसाको बर्बादी मात्र होइन, त्यहाँ त झगडासम्म हुन बेर छैन । परिणाम यहाँ रिसले ठाउँ जमाउन सक्ने हुन्छ पनि, अनि त के चाहियो र ?

हामीले मुखबाट भन्न नहुने कुराहरु अनेकौं छन् । त्यसमा फेरि काम लाग्ने/नलाग्ने धेरै भैरहन्छन् पनि, उक्त कुरा आफूलाई भैदिए हुन्थ्यो भन्ने लाग्छ । यदि पाउन सके त भैहाल्यो, प्राप्त गर्न नसकेमा त्यहाँ रिसले ठाउँ जमाइहाल्छ । मनलाई ठाउँमा राख्न मुस्किल हुन्छ । फेरि हुन नसके मनबाट बाहिर हुत्याइदिनु नै बुद्धिमानी नत्र परिणाम नराम्रो हुन्छ । फेरि अर्को भन्न नहुने कुरालाई पनि मनमा राख्न नदिनु नै राम्रो हो । नचाहिँदो कुरालाई मनबाट बाहिर नल्याउनु नै जाती हुन्छ, जसले गर्दा इच्छालाई जागृत गर्नु नै नपर्ने हुन्छ । पछि गएर रिसलाई मनबाट त्याग्न सके रिस बस्ने ठाउँ नै हुँदैन । अनि त के चाहियो र मनमा जहिले पनि शान्ति छाइरहन्छ ।

मानिसमा रिस कसरी आउँछ र जान्छ भन्ने बारे एकपटक वैज्ञानिकहरुले अनुसन्धान गरे कि आफूले इच्छाएको कुरा प्राप्त गर्न नसके रिस जाग्छ । रिसको आँखा हुँदैन भन्छन् । रिस उठेको बेला कोहीको मतलब हुँदैन र जथाभावी रिसले नाच देखाइछोड्छ । त्यसकारण क्रोध आउने बखत धेरै नै होस राख्नु जरुरी हुन्छ । रिसले गर्दा सम्झिने शक्ति नै गुमाइदिन्छ । रिस उठ्नेलाई धेरै नै प्रेसर बढ्छ पनि । जसले गर्दा मुटुको रोग हुन बेर लाग्दैन । रिसले झगडा उब्जाउँछ र सबैसँग वैरभाव पैदा हुन जाने हुँदा पछि आफूलाई पनि मैले बेकारमा के भनेछु अनि के गरेछु भनी प्रायश्चित्त जगाउँछ ।

भनाइ पनि त छ- मानिसमा एकपटक रिस उठेपछि हजार वाट चिमको प्रकाश जत्तिकै हुन्छ । हजार वाट चिमको तेजले मानिसलाई पार्ने आँखा तिरमिराएजस्तै रिसले जीउ पनि सन्चो नहुने हुन्छ, बिरामी पनि हुन सक्ने सम्भावना हुन्छ । फेरि रिस उठेको बखत मानिसले कसैलाई कतै शरीरको कुनै भागमा टोकिदिएमा विष लाग्ने हुन्छ । कुकुरले टोक्दाको विषभन्दा पनि कम नहुने हुन्छ । झगडा हुँदा टोक्ने बानीले फेरि हात नै उठाई ठूलै घटना हुने सम्भावना पनि बढ्नेछ । त्यस बखत यस्तो रिस कहाँबाट कसरी आयो भन्ने सोच आएमा रिसलाई लगाम कस्ने कुरा हुन्छ । रिसको बाढीलाई छेक्न कठिन हुन्छ । यसलाई कब्जा गर्न सकेन भने प्रायश्चित्तले पनि तह लगाउन सकिन्न क्यारे ! उर्लिएर आएको रिस कति र हेछ भनी ज्वरो नाप्ने थर्मामिटरजस्तै एउटा मेसिनको आविष्कार पनि वैज्ञानिकले गरे । उक्त मेसिनबाट परीक्षण पनि गरी हेरे । मानिसमा रिस नभएको कोही पनि नहुने भन्ने पत्ता लगाइयो । हुन पनि हो कि कुनै पनि प्राणीमा रिस जन्मेदेखि आएको हुन्छ । पशुहरुमा त भन्नै परेन । फरक यत्ति छ कि मानिसमा विचार गर्ने शक्ति हुन्छ, पशुहरुमा हुँदैन ।

एकपटक अमेरिकाका एक साइको रिचार्ड डेभिड नामका वैज्ञानिक नेपाल आए । उनले एउटा भिक्षु योगी मिङमार रिम्पोछे (जो गोरखाको हुनुहुन्छ) उहाँसँग कुराकानी गरी रिसको मात्राको परीक्षण गरी मेसिनबाट हेरेछन् । ती भिक्षुमा रिसको मात्रा कति पनि नभएको थाहा पाई वैज्ञानिक आश्चर्यमा परे । कारण के होला भनी खोज्दा ध्यान रहेछ । ध्यानगुरु सत्यनारायण गोयन्काको भाषामा आनापाम भनिन्छ । ध्यानमा बस्ने मानिसले आफ्नो शरीरको पूरा भाग निरीक्षण गर्दछ । त्यस्तै गरी शिर, कपाल, आँखा, दुवै कान, गर्दन, दुई हात र छाती, पेट अनि पछि तिघ्रा तथा खुट्टाको पाइताला, औँला गरी संवेदनशील अंगलाई समेत तल-माथि ओहोर-दोहोर निरीक्षण वा हेर्ने काम हुन्छ । सधैँ ध्यानमा बस्नेले रिस नउठ्ने कुरालाई उक्त वैज्ञानिकले स्वीकार गरे पनि । ध्यान गर्नाले हाम्रो मनलाई एकचित्तले आफ्नै शरीरको मात्र निरीक्षण भैरहने हुन्छ । मनलाई खाली राखेमा इच्छा गर्ने कुनै तत्व पनि नहुने रहेछ । पछि त रिस गर्ने बाटो बन्द भई मुक्त भएको अनुभव हुन्छ ।

*क्रमश: पृष्ठ-३.....*

# ठूला छैनन् मतदाताका अपेक्षा: बस्, भनेका काम गरिदेऊ



काठमाडौं/हरेक निर्वाचनको विशिष्ट महत्व र अर्थ रहन्छ । ७८ वर्षीय प्रेमकुमार सिलवाल खत्रीको नजरमा विगतमा भएका अधिकांश चुनावमा व्यवस्था परिवर्तनको विषय प्रमुख थिए । यसपटक नागरिकको अवस्था परिवर्तनको एजेण्डा प्रधान छ । सिलवाललाई ठ्याक्कै पहिलो भोट कहिले हालेको याद छैन । 'पञ्चायतकै चुनावमा भोट हालेको हुँ' उनी भन्छन्, 'बहुदल हुँदै गणतन्त्रसम्म आयौं । पहिले व्यवस्था र विकासका कुरा ज्यादा हुन्थे । अहिले समय अनुसार मानिसहरूले सहज जीवन चाहेका छन् ।'

प्रेमकुमार र उनकी ७१ वर्षीय श्रीमती प्रेमकुमारी सिलवालले बिहीबार सहकारी प्रशिक्षण केन्द्र, बानेश्वर पुगेर मतदान गरे । मतदानपछि कुराकानीका क्रममा श्रीमती प्रेमकुमारीले विगतको चुनाव सम्झिइन्, 'पञ्चायतकालमा त बोल्न पाउने कि नपाउने भन्ने कुरा पनि हुन्थ्यो ।' सिलवाल दम्पती काठमाडौं वडा नम्बर ३१ निवासी हुन् । यसपटक भोट दिएकासँग के अपेक्षा छ ? जवाफमा प्रेमकुमार भन्छन्, 'मुखले धेरै गर्छन् । काम कम गर्छन् । यस्तो नगर । गर्छु भनेको काम गरिदेऊ ।'

श्रीमती प्रेमकुमारी थप्छिन्, 'भोट हाल्नु अगाडि सम्म यसोउसो भन्छन् । भोट हालिसकेपछि कहाँ हो कहाँ ?' यसबाहेक पनि उनीहरूका अपेक्षा छन् । 'बृद्धबृद्धालाई उपकार प्रदान गरुन् । बालबालिकालाई पठनपाठनमा सहज होस् । युवालाई रोजगार मिलोस्' प्रेमकुमार भन्छन्, 'युवालाई राज्यले हेर्नुपर्छ । किनभने देश बनाउने नै युवाले हो । युवाले मन मारे भने देशै मर्न सक्छ नि त ।' उमेर अनुसार मतदाताका अपेक्षा फरक हुन सक्दछन् । तर सारमा सबै उमेर समूहका मतदाताले सिस्टम अनुसार काम हुने संस्कार खोजेका छन् । न्यूनतम आवश्यकता पूर्तिमा सहजता खोजेका छन् । राज्यले जे दिन्छु भनेर संविधान र कानुनमा कबुल गरेको छ त्यसको व्यवहारिक कार्यान्वयन खोजेका छन् ।

२७ वर्षीय अन्सुल केसी एमबीए प्रथम वर्षमा अध्ययनरत छन् । काठमाडौं ३१ निवासी अन्सुलले मतदानपछि जनप्रतिनिधिसँगको अपेक्षा सुनाए, 'नचाहने कानुन खारेज गर्नुपर्छ । सेवा प्रवाहमा चुस्तता चाहियो । उद्यम गर्न खोज्नेलाई झन्झटिलो प्रक्रिया छ, त्यो सुधार हुनुपर्छ । विदेशी लगानी ल्याउन अनुकूल नीति चाहियो । परराष्ट्र नीति पनि स्थिर हुनुपर्छ ।' स्थिर परराष्ट्र नीति भनेको के हो ? जवाफमा अन्सुल भन्छन्, 'विश्व राजनीतिमा अहिले जे-जस्ता युद्ध देखिएका छन् । त्यसमा नेपाल कतै ढल्किने होइन, जुनसुकै युद्धमा तटस्थ रहनुपर्छ । केही दशक नेपालले आफ्नो आन्तरिक विकास र समृद्धिमै ध्यान दिनुपर्छ ।

यी सबै काम गर्नका लागि नेतामा राजनीतिक संस्कार हुनुपर्ने उनको भनाइ छ । उनी थप्छन्, 'देशमा अतिवादी शक्तिहरु प्रभावी भएको महसुस हुन्छ । यस्तोमा मुलुकको अविभावकीय भूमिका निर्वाह गर्ने नेतृत्व चाहिएको छ । सबै पक्षबीच मध्यस्थता गर्न सक्ने शक्तिको खाँचो छ ।' निर्वाचन लगत्तै यी सबै काम एकैपटक हुन्छ भन्नेमा उनी विश्वस्त छैनन् । त्यसअनुसारको व्यवहार गरुन र नागरिकले सरकारप्रति अपनत्व गर्ने वातावरण बनोस् भन्ने अन्सुलको अपेक्षा छ । थप्छन्, 'समाज सुधार लामो प्रक्रिया हो । यसलाई एकै दिनमा सुधार गर्ने होइन । एउटा निर्वाचनले मात्रै परिवर्तन गर्ने होइन । यो निरन्तर चलिरहने अविरल यात्रा हो । यात्रा ठीक ढंगले भएको छ वा छैन भन्ने विषयले नागरिकमा असन्तोष पैदा गर्छ । यसलाई राजनीतिककर्मीले ख्याल गर्नुपर्छ ।'

### वाचाको अडिट खोज्दै मतदाता

४१ वर्षीय स्वेता पुन्जालीले दोस्रो संविधान सभामा भोट हालेकी थिइन् । पारिवारिक र रोजगारी आदिका कारण उनले भोट हालिसकेपछि मत दिएको उम्मेदवारले के कसो काम गरे भनेर धेरै चासो लिन पाइनन् । 'तथापि, मैले त्यसबेला भोट दिएकाले जितेर संविधान बनाए । मुलुक त्यही संविधानअनुसार अगाडि बढेको छ,' उनी भन्छिन्, 'अब त यसपाली जसलाई भोट दिएको छु उसले के-के गर्छु भनेका छन् ख्याल गर्छु र त्यो कति पूरा भयो वा भएन भनेर फलो गर्छु ।'

काठमाडौं १० निवासी पुन्जालीले एसभी एकेडेमी बुद्धनगर बाट मतदान गरिन् । उनले जसलाई भोट गरिन् ऊ सँग उनको प्रमुख माग छ - नेपालको वर्तमानको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार हो । भ्रष्टाचार नियन्त्रण गर्न के कस्ता नीति चाहिन्छ त्यही बनाउन भूमिका खेलियोस् । व्यक्ति एक्लैले मात्रै केही गर्न सक्दैन् भन्नेमा उनी विश्वस्त छिन् ।

'म बुझ्दछु- एक्लैले गरेर केही हुँदैन । सामूहिक प्रयन्न नै हो । व्यक्तिभन्दा उसको दलको नीति महत्त्वपूर्ण हुन्छ । तर, दलको नीति बदल्ने, नयाँ शैलीमार्फत नेतृत्व लिने पनि त जनप्रतिनिधिले नै हो' उनी भन्छिन्, 'यसकारण मैले भोट गरेको व्यक्ति जिम्मेवार बन्नुपर्छ । उसले सबैलाई एकीकृत गर्न र सामूहिक नेतृत्व लिन सकोस् ।' काठमाडौ १० कै ३६ वर्षीय अनिल पौडेल पनि उम्मेदवारको वाचा के कति कार्यान्वयन भए भनेर अडिट गर्ने पक्षमा छन् ।

उनी भन्छन्, 'भोट माग्न आउँदा नमस्कार गर्दै यो गर्छु वा त्यो गर्छु भनेर जाने होइन । सांसद भएपछि मतदातासँग जवाफदेही हुनुपर्‍यो । जितेर गएपछि गरेको प्रतिबद्धता कति कार्यान्वयन भयो वा भएन भनेर उम्मेदवारले स्वमूल्यांकन गर्नुपर्‍यो ।' यसका लागि आवश्यक परे बाध्यकारी कानुन बनाउन उनको सुझाव छ । 'उम्मेदवारको प्रतिवद्धता कार्यान्वयन मापन गर्न आवश्यक परे संयन्त्र बनाउनुपर्छ । यो आम नागरिक र मतदाताका लागि त आवश्यक छ नै उम्मेदवार स्वयंलाई पनि आफ्नो कामबारे जान्ने अवसर हो,' उनी थप्छन्, 'पहिले जस्तो मतदाता अब चुप बस्दैनन् । सांसदले स्वमूल्यांकन नगरे मतदाताले आफैं गर्छन् ।' पौडेलले यसअघि २०७९ सालको स्थानीय चुनावमा भोट हालेका थिए । त्यसबेला चुनाव जितेकालाई अहिले पनि सुझाव दिने गरेको र आवश्यक पर्दा खबरदारी गर्ने गरेको उनले सुनाए ।

पेशाले उनी एकाउन्टेन्ट हुन् । उनका नजरमा नेपालमा सीप र क्षमता अनुसारको रोजगारी र अवसर छैन । 'यहाँ चाहे अनुसार काम पाईंदैन, सीप र क्षमताअनुसार अवसर र सुविधा छैन,' उनी भन्छन्, 'भूगोल अनुसारको उद्यमका लागि नीति बनोस् । यहीं रोजगारी मिलोस् । काम गर्नेलाई सम्मान होस् ।' नेपाल विश्वका अन्य देशको तुलनामा विकासमा पछाडि छ । 'देशमा विकासको स्पष्ट नीति नभएकोले यस्तो भएको' उनको बुझाइ छ ।

### विदेश जान खोजिरहेकी छोरी सम्झिएर मतदान

काठमाडौं १० निवासी ४२ वर्षीय मनहरा श्रेष्ठ आफ्नो सन्तान नेपालमै बसिदिए हुन्थ्यो भन्नेमा छिन् । 'मतदान गर्दा के सम्झनुभयो'भन्ने प्रश्नमा उनले भनिन्, 'छोरी विदेश जान खोज्दै छे । यहीँ पनि काम पाइन्छ भनेर सम्झाइरहेका छौं । छोरी यहाँ अवसर नै छैन भन्छे ।' श्रेष्ठकी छोरीले कक्षा १२ सम्मको पढाइ सकिन् । निर्वाचन पछाडिको सरकारले नेपालमै बसेर पनि केही गर्न सकिन्छ भन्ने आश देखाओस् भन्ने मनहराको अपेक्षा छ, ताकि छोरीले विदेश जान्छु नभनुन् । उनी थप्छिन्, 'उम्मेदवारसँग एउटै अपेक्षा छ- हाम्रा बच्चा विदेश जान नपरोस् ।'

मनहराले २०७९ सालको स्थानीय तहको निर्वाचन र सोही वर्षको प्रतिनिधिसभाको निर्वाचनमा भोट हालिन् । त्यसबेला पनि आफूले युवाले नेपालमै काम गर्न पाए सन्तानसँगै नेपालमा बस्न पाइन्थ्यो भन्ने सोच राखेको सुनाइन् । मनहराको फूलको पसल छ । सजावटको काम गर्छिन् । उनी भन्छिन्, 'पसल खोल्न सजिलो छ । बन्द गर्न पर्‍यो भने गाह्रो छ । एउटा पसल चलाउन त सकस छ । यस्तो सकस नयाँ पुस्ताले सहँदैन । छिटो परिणाम खोज्छन् । युवाको चाहना नयाँ सरकारले पूरा गरोस् । सुशासन होस् ।'

उनको अर्को अपेक्षा छ- विधि र पद्धति अनुसार सबैलाई सबै क्षेत्रमा समान व्यवहार होस् । सरकारले गर्ने काम दिगो र भरपर्दो होस् । मनहरा थप्छिन्, 'सडक पीच गर्छ केही समयमै भत्किन्छ । गुणस्तरीय काम नै गर्दैनन् । यस्तो हुन भएन भन्नु ठूलो कुरा हो र ! त्यस्तो त लाग्दैन ।' काठमाडौं १० की मनहराको जस्तै अपेक्षाा काठमाडौं ३१ की ४९ वर्षीय अर्चना जोशीको पनि छ ।

'सरकारीमा अस्पतालमा गयो लाइन बस्नुपर्ने । प्राइभेटमा गयो पैसाको तनाव । अनि नागरिकले सरकार कहाँ खोज्ने ?' अर्चना प्रश्न गर्छिन्, 'शिक्षाको कुरा पनि त्यस्तै छ । शिक्षा र स्वास्थ्य जस्तो विषयमा त यस्तो छ । अन्यको के कुरा ! यहाँ पहुँच हुने र नहुनेको बीचमा फरक छ । चिनेको मान्छे भए सहुलियत नत्र कष्ट । यो सुधार हुनुपर्‍यो ।' अर्चनाकी छोरा अमेरिकामा आइटी पढिरहेका छन् । नेपालमै बसेर छोराले काम गर्ने वातावरण बनोस् भन्ने उनको अपेक्षा छ । उनी थप्छिन्, 'पढाइ सकेर छोराले नेपालमै आएर काम गर्ने वातावरण बने हामीलाई पुग्छ । बाँकी काम नेताले देशलाई राम्रो गरोस । देशप्रती इमानदार होस् । काम गर्न वा सेवा लिन सोर्स लगाउनुपर्ने प्रवृत्तिको अन्त्य गरोस् ।'

### "नेपाल फर्किन पाऊँ"

विदेशमा रहेका सन्तान सम्झिएर, विदेश जान खोजिरहेका सन्तानलाई रोक्ने नीति सरकारले लिन्छ कि भनेर अपेक्षा गर्नेहरू मात्रै मतदान केन्द्र पुगेका छैनन् । विदेशमा रहेकाहरू समेत मतदानका लागि आएका छन् । निर्वाचन पछिको सरकारले विदेशको बसाइबाट आफूलाई नेपाल ल्याउन सकोस् भनेर अपेक्षा राख्नेहरू पनि भेटिए । ४४ वर्षीय विभु मिश्र विगत १५ वर्षदेखि अमेरिकामा बस्छन् । यसपटक भोट हाल्न उनी नेपाल आए । 'संविधान सभाको निर्वाचन हुदा पर्यवेक्षणमा संलग्न भएको थिएँ । आफ्नो मतदान केन्द्रमा जान पाइएन । २०७४ र २०७९ मा विदेश थिएँ,' उनी भन्छन्, 'यसपटक भोट हालौं हालौं लाग्यो, नेपाल आएँ ।'

मिश्रले इन्जियिरिङ पढेका हुन् । अमेरिकामा के काम गर्छन खुलाएनन् । एसभी एकेडेमी बुद्धनगरबाट मतदान गरेपछि उनले भने, 'मैले भोट आफ्नो लागि दिएको होइन भावी सन्ततिका लागि हो ।' निर्वाचनपछिको राजनीतिक नेतृत्वले आफूलाई नेपालमै फर्किने वातावरण बनाउँछ कि भन्ने मिश्रको अपेक्षा छ ।

'म सन्तानको भविष्य लागि कमाउन अमेरिका गएको हो । नेपालमै बस्न चाहन्छु, तर सन्तानको लागि आवश्यक खर्च जुटाउन सक्दिन कि भन्ने डर छ,' उनी भन्छन्, सन्तानको भविष्यको चिन्ता नहुने वातावरण बने लगत्तै नेपाल फर्किन्छु ।' मिश्रका नजरमा संसार बाट हेर्दा नेपाल सुन्दर र शान्त छ । तर, यहीं भविष्य खोज्न हरेकलाई कठिन छ । उनी भन्छन्, 'जहाँ पनि अधिकारको लडाइ त भइहाल्छ चाहे अमेरिकामा होस, चाहे नेपालमा होस । अमेरिकामा त्यहाँका नागरिक भेट्दा नेपालको प्रसंशा गर्छन । नेपालमा भने आधारभुत आवश्यकता पुर्तिमा समेत समस्या छ ।' यी समस्याको समाधान कसरी गर्ने त ? जवाफमा उनी जेनजी आन्दोलन सम्झन्छन् ।

'जेनजीले विधिको शासन खोजेका हुन् । यो भयो भने धेरै हुन्छ । सुशासन आउँछ । भ्रष्टाचार न्यूनिकरण हुन्छ । यसका लागि राजनीतिक नेतृत्वमा तत्परता र इच्छाशक्ति चाहिन्छ ।'

### खै मौलिक हक ?

विगतको राजनीतिक नेतृत्वले व्यवस्था परिवर्तन गरेको तर, अपेक्षित रुपमा नागरिकको अवस्था परिवर्तन गर्न नसकेको विभु मिश्रको ठम्याइ छ । 'संविधान बन्यो । नागरिक सार्वभौम भए । संविधानमा फ्रि एजुकेशन भनेको १० वर्ष भयो तर पैसा नहुनेका सन्तानहरू अहिले पनि स्कुलमा छैनन् । संविधानमा स्वास्थ्य मौलिक हक हो, व्यवहारमा पैसा नभए उपचार पाइँदैन । यस्तो पनि हुन्छ त ?' नेपालमा कोही पनि बस्न नसक्ने जस्तो अवस्था कसरी सिर्जना भयो भनेर निर्वाचन पछि बन्ने सरकारले अध्ययन गर्नुपर्ने र त्यसआधारमा नीति बनाउनुपर्ने उनको आग्रह छ ।

'नेपालमा सीप भएका र नभएका दुवैका लागि अवसर कम छ । इन्जिनियर, डाक्टर, नर्स नै नेपाल बस्दैनन । सीप नभएकाहरू पनि विदेशमै छन् । त्यस्ता युवाहरू ज्यादा खाडी मुलुकमा छन' उनी थप्छन्, 'हेर्नुस् न सीप भएका न सीप नपाएका सबै नेपाली नेपालमै फर्किन चाहन्छन् । विश्व राजनीतिक र विकसित युद्ध आदिका कारणले अवस्था बदलिँदैछ । यसकारण विदेशमा रहेकाहरू नेपाल फर्किने वातावरण चाहिएको छ ।'

निर्वाचन पछाडिको सरकारले तत्काल के के गर्‍यो भने त्यस्तो वातावरण बन्ला ? जवाफमा उनी भन्छन्, 'नेपालमै केही गरौं भन्यो भने प्रशासनिक झण्झटदेखि नै समस्या छ । अर्कोतर्फ काठमाडौं हेरेर मात्रै हुँदैन । कैयन ठाउँमा विद्युतको उपलब्धतादेखि खानेपानीसम्मका समस्या छन् । आधारभूत कुराकै अभाव छ ।' काठमाडौं ३१ का हरिस चन्द्र ६९ वर्षका भए । छोरा सरकारी नोकरीबाट रिटार्यड भइसके । छोरी युके छिन् । पहिले प्राइभेट पम्पमा काम गर्दथे । अहिले घरमै रहन्छन् ।

बिहानै मतदान केन्द्र पुगेका उनले आफ्नो चुनावी उत्साह सुनाए, 'हामी बूढो भहाल्यौं । जसोतसो जीवन चल्यो, ठीकै छ । नयाँ पुस्ताको थप सुरक्षा हुनुपर्‍यो । स्वास्थ, शिक्षा सर्वसुलभ होस् । युवाले देशमै रोजगार पाउन् ।' नेपालमा केही पनि भएको छैन भन्ने मान्यतामा उनी छैनन् ।

*(स्रोत: अनलाइनखबर)*

# मतदानमा हिपहप, ब्युटी पेजेन्टका सेलिब्रेटीको सहभागिता लोभलाग्दो







काठमाडौं/यसपटकको चुनावमा कलाकार र सेलिब्रेटीको सहभागिता उत्साहजनक देखिएको छ । धेरै सेलिब्रेटीले यसवर्ष पहिलोपटक मतदान गर्ने अनुभव समेत लिएका छन् । फिल्म र संगीत क्षेत्रका कलाकारले विगतदेखि नै मतदानमा सहभागिता जनाउँदै आएका हुन् । तर यसपटक हिपहप र ब्युटी पेजेन्ट क्षेत्रका सेलिब्रेटीको सहभागिता विशेष रूपमा लोभलाग्दो देखिएको छ ।

भियोमा, मिस्टर डी र लाउरेसहित धेरै नेपाली हिपहप कलाकारले मतदान गरेका छन् । विशेषगरी र्‍याप गायकसमेत रहेका रास्वपा उम्मेदवार बालेन शाहको उपस्थितिका कारण हिपहप कलाकारको चुनावी सहभागितामा थप आकर्षण देखिएको छ ।

मिस्टर डीले जीवनकै पहिलो भोट हालेका छन् । उनले लेखेका छन्, 'जीवनको पहिलो भोट । योभन्दा अगाडि कोही पनि मेरो भोटको लायक महसुस भएको थिएन ।' भियोमाले लेखेका छन्, 'पक्कै पनि मलाई यो मतको प्रायश्चित गर्नुपर्ने छैन । जय राष्ट्र ।'

लाउरेले लेखेका छन्, 'हे माता, रक्षा गरिदिनुहोस् । यो चुनौतीपूर्ण समय पार गरेर देशलाई शान्ति र समृद्धिको बाटो देखाउनुहोस् ।' यी कलाकारजस्तै नेपहपका धेरै कलाकारले पनि पहिलोपटक भोट हालेका छन् । अन्य कलाकारले पनि सामाजिक सञ्जालमार्फत मतदान गरेको जानकारी दिएका छन् ।

सौन्दर्य प्रतियोगिता अर्थात् ब्युटी पेजेन्ट क्षेत्रका धेरै सेलिब्रेटीले पनि यसपटक पहिलोपटक मतदानको अनुभव लिएका छन् । वर्तमान मिस नेपाल लुना लुइँटेल र पूर्वमिस नेपाल अस्मी केसी त्यसमा पर्छन् । यी दुवैजनाले उत्साहका साथ देशमा परिवर्तन आउने आशासहित मतदान गरेको बताएका छन् । पूर्वमिस नेपाल माल्भिका सुब्बा र सदिक्षा श्रेष्ठले पनि मतदान गरेका छन् ।

विगतका चुनावमा विशेषगरी हिपहप र ब्युटी पेजेन्ट क्षेत्रका सेलिब्रेटीको सहभागिता निकै न्यून देखिन्थ्यो । सम्भवत: 'बालेन फ्याक्टर'का कारण यस वृत्तबाट सेलिब्रेटीको सहभागिता बढेको देखिन्छ । यति मात्र होइन, पूर्वमिस नेपाल अनुष्का श्रेष्ठ त रास्वपाबाट समानुपातिक उम्मेदवार नै बनेकी छन् । चुनावअघि मत माग्दै उनी देशव्यापी प्रचार अभियानमा सहभागी भएकी थिइन् ।

अघिल्ला चुनावमा फिल्म र मूलधारको संगीत क्षेत्रका कलाकारको मात्र सहभागिता बढी देखिन्थ्यो । यसपटक भने परम्परागत प्रवृत्ति तोड्दै यी क्षेत्रका सेलिब्रेटीले पनि चुनावी सक्रियता देखाएका छन् । निर्वाचनअघि हिपहप कलाकारले बालेनसहित केही उम्मेदवारको पक्षमा गीतसमेत सार्वजनिक गरेका थिए । नेपाली चुनावको परिदृश्यमा यसपटक संगीत यसरी जोडिनु एक प्रकारले नयाँ क्षण हो ।

मूलधारको मनोरञ्जनबाट केही टाढा मानिने र राजनीतिबाट दूरी राख्ने ब्युटी पेजेन्ट क्षेत्र पनि यसपटक मतदान र चुनावी गतिविधिमा स्पष्ट रूपमा सक्रिय देखिएको छ । मिस नेपाल आयोजक संस्था 'द हिडन ट्रेजर'ले समेत सामाजिक सञ्जालमार्फत मतदानमा सहभागी हुन आग्रह गरेको छ ।

### परिवर्तन किन आयो ?

नेपालमा हिपहप कलाकार र ब्युटी पेजेन्ट क्षेत्रका सेलिब्रेटीको राजनीतिप्रति बढ्दो चासोलाई सतही रूपमा मात्र हेर्न मिल्दैन । यसको पछाडि सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनका केही गहिरा कारण छन् ।

पहिलो- युवामाझ राजनीतिक चेतनाको विस्तार हो । पछिल्ला वर्षमा नेपालमा युवापुस्ताले राजनीति केवल दल र नेताको विषय मात्र होइन, आफ्नै भविष्यसँग जोडिएको क्षेत्रका रूपमा हेर्न थालेका छन् ।

बेरोजगारी, शहरी व्यवस्थापन, भ्रष्टाचार र अवसरको असमानताजस्ता मुद्दाले युवालाई प्रत्यक्ष असर गर्ने भएकाले उनीहरू सार्वजनिक रूपमा राजनीतिक बहसमा सहभागी हुन थालेका छन् । हिपहप कलाकार र ब्युटी पेजेन्टका प्रतिस्पर्धीहरू प्राय: यही पुस्ताबाट आउने भएकाले उनीहरूको सहभागिता पनि स्वाभाविक रूपमा बढेको देखिन्छ ।

दोस्रो, बालेन शाहको उदयले प्रतीकात्मक प्रभाव पारेको छ । र्‍याप संगीतको पृष्ठभूमिबाट आएका बालेन काठमाडौंको मेयर बनेपछि कलाकार समुदायका लागि राजनीतिमा प्रवेश सम्भव रहेको एउटा स्पष्ट उदाहरण स्थापित भयो । विशेषगरी हिपहप समुदायले यसलाई आफ्नै क्षेत्रबाट आएको प्रतिनिधित्वका रूपमा पनि हेरे । त्यसैले हिपहप कलाकारमा राजनीतिक सहभागिता र समर्थन खुलेर व्यक्त गर्ने प्रवृत्ति बढेको देखिन्छ ।

तेस्रो, सामाजिक सञ्जालले सार्वजनिक सहभागिताको स्वरूप बदलिदिएको छ । अहिले कलाकारको प्रभाव परम्परागत मिडियामा मात्र सीमित छैन । इन्स्टाग्राम, फेसबुक, टिकटकजस्ता प्लेटफर्ममार्फत उनीहरू लाखौं युवासँग प्रत्यक्ष जोडिएका छन् । यस्तो अवस्थामा मतदान गर्नु, राजनीतिक धारणा व्यक्त गर्नु वा लोकतान्त्रिक प्रक्रियामा सहभागी भएको देखाउनु उनीहरूका लागि व्यक्तिगत अभिव्यक्तिको मात्र होइन, सार्वजनिक सन्देशको माध्यम पनि बनेको छ ।

चौथो, ब्युटी पेजेन्ट संस्कृतिमा आएको परिवर्तन पनि महत्वपूर्ण छ । पहिले सौन्दर्य प्रतियोगितालाई केवल ग्ल्यामरको क्षेत्रका रूपमा हेरिन्थ्यो । पछिल्ला वर्षमा 'सोसल कज', महिला नेतृत्व, सामाजिक अभियान र जनचेतनाका विषय यस क्षेत्रसँग जोडिँदै गएका छन् । त्यसैले मिस नेपालजस्ता प्लेटफर्मबाट आएका व्यक्तित्वले मतदान, लोकतन्त्र र नागरिक सहभागिताबारे बोल्नु अहिले सामान्यजस्तै बन्दै गएको छ ।

पाँचौं, नेपालको राजनीतिक परिदृश्यमा आएको परिवर्तन पनि यसको कारण हो । नयाँ राजनीतिक शक्तिको उदय, वैकल्पिक राजनीतिक भाष्य र शहरी मतदाताको सक्रियताले युवालाई राजनीतिप्रति आकर्षित गरेको छ । यसले पहिले राजनीतिबाट टाढा रहने मनोरञ्जन क्षेत्रका केही व्यक्तित्वलाई पनि सार्वजनिक रूपमा आफ्नो धारणा व्यक्त गर्न सहज बनाएको छ ।

समग्रमा हेर्दा, हिपहप कलाकार र ब्युटी पेजेन्ट क्षेत्रको राजनीतिक सक्रियता विकसित हुँदै गएको युवा राजनीतिक संस्कृतिको संकेत पनि हो, जहाँ कला, सामाजिक प्रभाव र नागरिक सहभागिता क्रमश: एकअर्कासँग जोडिन थालेका छन् । यसको प्रभाव मतदानमा देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# राज-डीकेको फिल्ममा सुपरहिरो बन्दै सलमान !

काठमाडौं/भारतीय वेब सिरिज 'द फ्यामिली म्यान'का निर्देशकद्वय राज-डीके र अभिनेता सलमान खानबीच आगामी फिल्ममा सहकार्य हुन सक्ने संकेत देखिएको छ । केही समययता उनीहरूले फिल्मको विषयमा निरन्तर छलफल गरिरहेका छन् । भारतीय सञ्चार माध्यम इन्डिया टाइम्सका अनुसार यो फिल्म सन् २००८ को चर्चित अमेरिकी सुपरहिरो फिल्म 'ह्यान्कक'बाट प्रेरित हुनेछ ।

यस फिल्ममा सलमानले एक अनिच्छुक र अवकाश लिन खोजिरहेको सुपरहिरोको भूमिका निभाउने जनाइएको छ । कथामा उनको पात्र आफ्नो जिम्मेवारीबाट टाढा जान खोज्छ, तर परिस्थिति र जिम्मेवारीले उसलाई पुन: मैदानमा फर्किन बाध्य बनाउँछ । राज-डीकेले हास्य र भावनात्मक तत्व मिसाएर फिल्म बनाउने तयारी गरेको बताइएको छ ।

इन्डिया टाइम्सको रिपोर्टमा उल्लेख भएअनुसार सलमानले फिल्मको कथावस्तु मन पराएका छन् । तर, उनले अन्तिम निर्णय पूर्ण स्क्रिप्ट सुनेपछि मात्र गर्ने जनाइएको छ । उनले फिल्मको बजेट पनि सन्तुलित चाहेका छन् ।

# उर्लिएको रिस र यसलाई....

म स्वयं पनि बूढानीलकण्ठको डाँडामा अवस्थित सत्यनारायण गोयन्काको ध्यान केन्द्रमा ५/६ पटक बसी सकेकाले रिसलाई चिनीकन जरादेखि नै उखेलिसकेको छु र कसैले रिसले गाली गरे पनि वास्ता नगर्ने बानी भइसक्यो । रिस जागृत हुँदा किन, कसरी, कहाँबाट आएको भन्ने मूल जरा थाहा पाईकन त्यसको बाटो बन्द गर्ने ममा बानी भैसकेको छ । सामाजिक प्राणीको नाताले केही कुरा मनमा रहिरहने वा कसैबाट मन नपरेको कुराले जरा गाड्न खोज्छ । कसैको कुरामा वास्ता नै राखेन भने त रिस जाग्ने ठाउँ नै नरहने भयो । उदाहरणको लागि दूध उम्लिने भो भनी पहिले नै थाहा पाउनेले दूध बाहिर पोख्दैन, यसमा सचेत हुनु जरुरी छ, बुद्धिमानी पनि हो, नत्र परिणाम अनर्थ हुन्छ नै ।

यसरी मनमा सोचिरहँदा रिस एक प्रकारको आगो हो । आगो घर वा कतै जङ्गलमा लागेपछि तुरुन्त ननिभाए आगोको ज्वालाको गति बढ्दै गएर सबै कुरा नाश हुन्छ । पछुताउने बाटो हुँदैन । त्यस्तै अर्को कुरा रिस हाम्रो लागि राक्षस, दानव मान्नुपर्छ । जसलाई बुद्धको भाषामा क्षान्ती भनिन्छ । त्यसैले रिस हाम्रो मनबाट निस्कने ज्वलनशील शक्ति हो र यसलाई सम्हाल्न मनलाई ड्राइभरको रुपमा लिनुपर्ने हुन्छ । चालकले गाडीलाई जसरी नियन्त्रणमा राख्छ, त्यस्तै हामीले रिस नियन्त्रण वा चिन्नु जरुरी छ ।

रिस कसलाई आउँदैन ? मानिसबाहेक पशुपक्षी, कीटपतंग, आकाशमा उड्ने चरा, पानीमा रहने गोही, माछा आदि र जमिनमा रहने सबैमा नै आउँछ । उनीहरु त पशुजन प्राणी भए । हामी मानिस हौं, सबै कारण बुझ्न सक्ने शक्ति छ । अब हामीले बुझ्नु जरुरी छ कि रिसलाई बगिरहने नदीलाई सम्झौं । वेगले बग्दै आउने नदीलाई बुझौं । नदी बग्ने हो र पानी परेको बखत वेगलाई सम्हाल्न वा रोक्न सकेन भने बगाएर लान्छ । त्यसरी नै रिस आउने बखत आफ्नो मनले कहाँबाट कसरी आयो भन्ने बुझ्न सकेमा त्यसै रोक्न सकिन्छ । अब म रिसलाई कसरी दिमाग (मन) बाट पखाल्ने वा मनमा नराख्नेबारे सानोतिनो कुरा प्रस्ट्याउनेछु । रिस गर्नेलाई रिसबाटै जवाफ दिन थाल्यो भने प्रचण्ड आगो बल्छ । बल्कि त्यसलाई नियन्त्रण गर्न वास्ता नगर्नु नै बुद्धिमानी हुन्छ ।

एकपटक एक भिक्षु भिक्षाटनका क्रममा (बुद्धको पालाको सत्य घटना) एक ब्राह्मणको घरमा भिक्षा माग्न जानुभयो । ती ब्राह्मण भने घरमा माग्न आउने कसैलाई देखी नसहने बानी परेका रहेछन् । त्यस बखत भिक्षु बनेर आउने बुद्ध हुन् भन्ने जानकारी नभएकोले पनि ब्राह्मण रिसले चुर भए । उनले आफ्नो मुखमा थुक नभए पनि जबर जस्ती थुकेर भए/नभएको अश्लील शब्दबाट बुद्धलाई गाली गर्न थाले । रिसाहा ब्राह्मणले बुद्धको मुख हेरी भन्न थाले- 'तँ त घर-घर मागी मात्र खाने मगन्ते, काम केही नगरी डुली-डुली खाने कामचोर ठग होस् । फेरि सीधासाधा गाउँले र आँगनबाट बाहिर पनि ननिस्किई काममा अल्झिरहने महिलाहरुलाई बोलाउन लगाई आफ्नो वशमा पार्ने, नभएका कुराको कथा बनाई ठगी हिँड्ने अनि कथा सुन्नेलाई समेत मुग्ध हुने कुराले लठ्याएर फुरुङ्ग पारी उनीहरुबाट अन्न-पैसा असुल्ने ठग, नकचरो, लाज नभएको मान्छे ! तँ आज मेरो घरमा के कुरा माग्न आइस् रे ?'

*(साभार: न्यूज अफ नेपाल)*

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# प्रधानमन्त्री कार्की र कतारका समकक्षी अल-थानीबीच टेलिफोन वार्ता

साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ प्रधानमन्त्री सुशीला कार्कीले कतारका समकक्षी शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँग टेलिफोन वार्ता गरेकी छिन् ।

प्रधानमन्त्री कार्कीले बिहिबार दिउँसो कतारका समकक्षी अल-थानीलाई टेलिफोन गरी पश्चिम एसियाक्षेत्रमा विकसित पछिल्ला घटनाक्रमप्रति चिन्ता व्यक्त गरिन् । प्रधानमन्त्री कार्कीले कतारमा रहेका तीन लाख ६० हजार नेपाली नागरिकलाई सुरक्षा तथा संरक्षण उपलब्ध गराएकोमा नेपाल सरकार र नेपाली जनताका तर्फबाट हार्दिक धन्यवाद व्यक्त गरिन् । 'हाल करिब तीन लाख ६० हजार नेपाली नागरिक कतार राज्यमा बसोवास गर्दै काम गरिरहेका छन् । उनीहरु सुरक्षित छन् र राम्रोसँग हेरचाह गरिएको छ भन्ने कुरा सुन्दा मलाई अत्यन्त खुसी लागेको छ । हाम्रा जनताको हेरचाह गर्नुभएकोमा हामी तपाईं तथा तपाईंको सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं' प्रम कार्कीले भनिन् ।





प्रधानमन्त्री कार्कीले पश्चिम एसियाक्षेत्रमा विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको बताउँदै सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको बताइन् । उनले नेपालले सबै राष्ट्रले संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानुन, जेनेभा अभिसन्धिहरु र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा जोड दिइन् । युद्ध कुनैपनि बहानामा शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने बताइन् । उनले दुई मुलुकबीचको सम्बन्ध आगामीदिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास व्यक्त गरिन् ।

टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खास गरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गरिन् । उनले कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गरिन् । कतारका प्रधानमन्त्री एवं परराष्ट्र मन्त्री अल-थानीले नेपाल र कतार बीचको सुमधुर, प्रगाढ र मित्रवत् सम्बन्धको उच्चप्रशंसा गरेका छन् । उनले कतारमा रहेका नेपाली नागरिकले ठुलो योगदान गरेको चर्चा गर्दै उनीहरुलाई सरकारले वर्तमान परिस्थितिमा कतारी नागरिकसरह सुरक्षा र संरक्षण दिने बताइन् ।

उनले वर्तमान परिस्थितिलाई दुर्भाग्यपूर्ण भन्दै आफ्नो मुलुकले सार्वभौमिकता र भूमिको सुरक्षाका लागि वा आत्मसुरक्षाका लागि मात्र प्रयास गरिरहेको जानकारी दिइन् । कतार सधैँ शान्तिको च्याम्पियन रहेकाले यस किसिमका क्रियाकलापको विरोधी रहेको बताए । यस कठिन घडीमा नेपालले प्रदर्शन गरेको मित्रता र ऐक्यबद्धताका लागि उनले धन्यवाद पनि दिए । यो परिस्थिति चाँडै अन्त्य हुने अपेक्षा गर्दै उनले पूर्ववत्रुपमा दुई मुलुकबीचको सम्बन्धलाई थप सुदृढ र विस्तारित बनाउन लाग्नुपर्नेमा जोड दिए ।

# वृद्धाश्रममा रहेका २५ ज्येष्ठनागरिक मध्ये ४ जनाले मात्र मतदान गर्न पाए

## १०२ वर्षीय टीकादत्त पौडेलले गरे मतदान



साझाकुरा संवाददाता

हेटौंडा, २१ फागुन/ हेटौंडा उपमहानगरपालिका-६ निवासी १०२ वर्षीय टीकादत्त पौडेलले बिहीबार हेटौंडास्थित वंशगोपाल माध्यमिक विद्यालय मतदान केन्द्रमा पुगेर मतदान गरेका छन् ।

उमेरले शताब्दी पार गरिसक्दा पनि पौडेलले लोकतान्त्रिक अभ्यासप्रति आफ्नो निरन्तर सक्रियता देखाएका हुन् । यसपटक उनले छोरा कृष्णप्रसाद पौडेलको सहयोगमा मतदान गरेका थिए । वि.सं. १९८२ मा जन्मेका पौडेलले वि.सं. २०१५ सालदेखि भएका अधिकांश निर्वाचनमा नियमितरुपमा मतदान गर्दै आएका छन् । पौडेलजस्ता ज्येष्ठनागरिकले मतदान केन्द्रमा पुगेर लोकतान्त्रिक प्रक्रियामा सहभागिता जनाइरहँदा हेटौंडाका वृद्धाश्रमका अधिकांश ज्येष्ठ नागरिक भने मतदान गर्नबाट वञ्चित भएका छन् ।

हेटौंडा-१ स्थित ऊँ वृद्धाश्रममा रहेका २५ जना ज्येष्ठ नागरिकमध्ये केवल ४ जनाले मात्र यसपटक मतदान गर्न पाएका छन् । कोहीको मतदाता नामावलीमा नाम नहुँदा र कोहीको नागरिकता नबन्दा मतदानको अधिकार प्रयोग गर्न नसकेको वृद्धाश्रम व्यवस्थापनले जनाएको छ । यस्तै हेटौंडा-१५ रातोमाटेस्थित दिव्यसेवा निकेतनमा रहेका ३१ जनामध्ये ३ जनाले मात्रै भोट हालेका छन् । यो आश्रममा १५ जना नगरिकताविहीन रहेका छन् । भोट हाल्ने रहर भएपनि भोट दिन आफ्नो कागजी पहिचान नहुँदा वञ्चित बन्न परेको गुनासो गरेका छन् ।

ऊँ वृद्धाश्रमका सचिव दीपक सुबेदीले प्रशासनले नागरिकता बनाइदिने आश्वासन दिएपनि व्यवहारमा जाँदा विभिन्न कानुनी उल्झन देखाएर प्रक्रिया अघि नबढाइने गरेको बताएका । उनकाअनुसार आश्रममा रहेका धेरै ज्येष्ठनागरिकसँग नागरिकता नहुँदा उनीहरु मतदान मात्र होइन, राज्यले दिने सामाजिक सुरक्षा सेवा, स्वास्थ्य बीमालगायतका सुविधाबाट पनि वञ्चित भइरहेका छन् । परिवारसँग सम्पर्क नभएका वा आवश्यक प्रमाण जुटाउन नसक्ने धेरै ज्येष्ठनागरिक भएकाले नागरिकता बनाउन कठिन भइरहेको आश्रमले जनाएको छ । राज्यले ज्येष्ठनागरिकको पहिचान र अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको उनले बताए ।

### किरियापुत्रीले गरे मतदान

मकवानपुरमा किरियापुत्री अवस्थामा रहेका एक मतदाताले पनि मतदान गरेका छन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-८ निवासी रामजी लामिछानेले आफू मतदाता रहेको हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय मतदान केन्द्रमा पुगेर मतदान गरेका हुन् । लामिछानेकी आमा फूलमाया लामिछानेको बुधबार निधन भएको थियो ।

आमाको निधनपछि किरियाकर्ममा बसेको दोस्रो दिन नै उनी मतदान गर्न मतदान केन्द्र पुगेका थिए । 'एक भोटकै कारण राम्रो उम्मेदवार पराजित हुन नपरोस् भन्ने सोचले मतदान प्रक्रियामा सहभागी भएको हो' लामिछानेले भने ।

# मधेशमा भयरहित निर्वाचन, उत्साहित मतदाता



जनकपुरधाम/ बिहीबार मध्याह्न मतदान गरेर मतदान केन्द्र अगाडि भेटिएका ललितनारायण सिंह उत्साहित देखिन्थे । धनुषा-४ अन्तर्गत मिथिला नगरपालिका-८ स्थित कुसुम बिसौना आधारभूत विद्यालयको मतदान केन्द्रमा मतदान गरेका सिंहले विगतको तुलनामा यसपालिको चुनाव भयमुक्त भएको बताए ।

'विगतको चुनावभन्दा यसपालि धेरै फरक रह्यो । हामीले स्वतन्त्र रूपमा मतदान गर्न पायौं,' सिंहले भने, 'कुनै दबाब भएन । विगतजस्तो अवस्था यसपालि देखिएन ।' सिंहजस्तै खुसी देखिइन्, सोही ठाउँमा मत खसालेकी सीताकुमारी महतो । 'यसपालि बल्ल मत दिएजस्तो लाग्यो । आफ्नो इच्छाअनुसार मत खसाल्यौं । अब पक्कै केही परिवर्तन हुन्छ भन्ने लागेको छ,' उनले भनिन् ।

भदौ २३ र २४ को जेनजी आन्दोलनपछि मध्यावधिमै प्रतिनिधिसभा निर्वाचन घोषणा भएको थियो । यस्तो परिस्थितिमा चुनाव तोकिएको समयमै हुने वा नहुने भन्नेमा धेरैलाई शंका थियो । देशको विषम परिस्थितिमा भारतसँग खुला सीमासँग जोडिएको मधेशका आठ वटै जिल्ला (सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मा शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न हुन्छ कि हुँदैन भन्ने संशय हुनु अस्वाभाविक थिएन ।

३५ लाख १७ हजार १२३ मतदाता रहेको मधेशमा सुरक्षा निकायले सीमासँग जोडिएका अधिकांश मतदान स्थललाई अति संवेदनशीलमा वर्गीकरण गरेको थियो । दुई हजार १६० मतदानस्थल मध्ये खुल्ला सीमासँग जोडिएका एक हजार २४६ मतदान स्थल अति संवेदनशील वर्गमा राखिएका थिए । मधेश प्रदेशमा कुल चार हजार ४७१ मतदान केन्द्र थिए । यस प्रदेशमा एक हजार २८ जना उम्मेदवारले उम्मेदवारी दिएका थिए ।

कतै छिटपुट घटना हुने, कतै मतदान अवरुद्ध हुने आशंका पनि व्यापक थियो । तर एक-दुई सामान्य घटनाबाहेक मधेशमा निर्वाचन शान्तिपूर्ण तथा उत्साहजनक रूपमा सम्पन्न भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाका अनुसार मधेशमा सुरक्षा चुनौती ठुलो थियो । त्यसैअनुसार सुरक्षा योजना बनाएर कार्यान्वयन हुँदा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न सकेको उनले बताए ।

'सुरक्षा व्यवस्था राम्रो भएको कारण आपराधिक तत्त्वले आफ्नो गतिविधि गर्न सकेन । सुरक्षा चुनौती भएको कारणले त्यस अनुसार हामीले सुरक्षा निकाय बसेर सुरक्षा योजना बनाएका थियौं,' डीआईजी थपलियाले थपे, 'त्यो अनुसार कार्यान्वयन भयो । त्यस कारण शान्तिपूर्ण रूपमा निर्वाचन कार्य सम्पन्न गराएको छ ।' उनका अनुसार नेपाल प्रहरी र निर्वाचन प्रहरी मात्रै मधेश प्रदेशमा ४० हजार परिचालन गरिएको थियो । त्यसै अनुसारको अनुभूति पनि मतदाताले गरेका छन् ।

धनुषा-३ अन्तर्गत जनकपुरधाम-८ स्थित पगलाबाबा धर्मशाला मतदान केन्द्र अगाडि भेटिएका मोती रजीका अनुसार विगतको तुलनामा यस पटक चुनाव अझै शान्तिपूर्ण र भयमुक्त वातावरणमा भएको छ । 'खुसीको अनुभूति भइरहेको छ । अहिलेसम्म कुनै दबाब आएको छैन । एकदम राम्रो चुनाव भयो,' उनले भने ।

धनुषाको बटेश्वर गाउँपालिका-२ राजपुरका सञ्जय पजियारलाई भने जेनजी आन्दोलन पछि भएको यो निर्वाचन तोकिएकै मितिमा यसरी शान्तिपूर्ण रूपमा सम्पन्न हुन्छ भन्ने लागेको थिएन । 'जेनजी आन्दोलनपछि यो चुनाव भयरहित हुन्छ भन्ने लागेको थिएन । त्यसमा पनि नयाँको लहरका कारण पुराना दलहरूले केही लफडा गर्छन् कि भन्ने लागेको थियो,' जनप्रिय माध्यमिक विद्यालय मतदान केन्द्रअगाडि अपराह्न साढे ४ बजे भेटिएका पजियारले विगत सम्झँदै भने, 'तर सोचेभन्दा शान्तिपूर्ण, स्वच्छ र मर्यादित चुनाव भयो ।'

धनुषा बटेश्वर गाउँपालिका-२ धुमासनका जोगेन्द्र महतो अब मतगणना शान्तिपूर्ण, स्वच्छ र निष्पक्ष हुने विश्वास व्यक्त गरे । 'नसोचेको जस्तो शान्तिपूर्ण रूपमा जसरी निर्वाचन सम्पन्न भएको छ । त्यसरी नै अब मतगणना सम्पन्न होस्', उनले भने ।

# मध्यपूर्वमा बढ्दो तनावले सुनको मूल्यमा नयाँ रेकर्ड

काठमाडौं/मध्यपूर्वमा बढ्दो भू-राजनीतिक तनाव र अमेरिकी डलरको मूल्यमा आएको गिरावटसँगै विश्व बजारमा सुनको मूल्यले पुन: नयाँ उचाइ चुमेको छ । सुरक्षित लगानीको खोजीमा लगानीकर्ताहरू सुनतर्फ आकर्षित भएपछि बिहीबार स्पट गोल्डको मूल्य ०.८ प्रतिशतले बढेर प्रतिऔंस ५,१७७.२६ डलर कायम भएको छ । यस्तै, अप्रिलमा डेलिभरी हुने अमेरिकी सुनको मूल्य पनि १ प्रतिशतले बढेर प्रतिऔंस ५,१८६.४० डलर पुगेको छ ।

पछिल्ला केही दिनयता अमेरिका र इरानबिचको युद्ध थप चर्किएपछि लगानीकर्ताहरू त्रसित बनेका छन् । बुधबार मात्रै श्रीलंकाको तटमा अमेरिकी पनडुब्बीले इरानी युद्धपोत डुबाएको र टर्कीतर्फ प्रहार गरिएको इरानी ब्यालिस्टिक मिसाइललाई नेटोको प्रतिरक्षा प्रणालीले आकाशमै नष्ट गरिदिएपछि युद्धको दायरा झनै फैलिएको छ ।

इरानका दिवंगत सर्वोच्च नेताका शक्तिशाली छोरा नयाँ उत्तराधिकारीका रूपमा अगाडि आउनुले तेहरान तत्कालै दबाबमा नझुक्ने संकेत गरेको छ । यस अनिश्चितताले सुनको मूल्यलाई दीर्घकालसम्मै सहारा दिने विश्लेषण गरिएको छ ।

यस वर्ष मात्रै सुनको मूल्यमा करिब २० प्रतिशतको वृद्धि भइसकेको छ । विश्वव्यापी राजनीतिक अस्थिरता र आर्थिक अनिश्चितताका बीच सुनलाई सबैभन्दा भरपर्दो सम्पत्ति मानिन्छ । यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेडरल रिजर्भको आगामी अध्यक्षका रूपमा केभिन वार्सलाई मनोनयन गरेका छन् । ब्याजदर कटौतीको पक्षमा रहेका वार्सको आगमनले पनि बजारमा नयाँ तरंग ल्याएको छ । लगानीकर्ताहरू अब अमेरिकाको बेरोजगारी तथ्याङ्क र रोजगारी प्रतिवेदनको प्रतीक्षामा छन्, जसले आगामी मौद्रिक नीतिको दिशा तय गर्नेछ ।

सुनसँगै अन्य बहुमूल्य धातुहरूको मूल्यमा पनि बढोत्तरी देखिएको छ । चाँदीको मूल्य १.३ प्रतिशतले बढेर प्रतिऔंस ८४.५० डलर पुगेको छ भने प्लेटिनमको मूल्य १.६ प्रतिशतले वृद्धि भई २,१८३.४४ डलर कायम भएको छ । प्यालेडियमको मूल्य भने प्रतिऔंस १,६७४.८९ डलरमा स्थिर देखिएको छ ।

# निर्वाचन बिथोल्न खोज्ने २४ जना पक्राउ

काठमाडौं/बिहीबार सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका क्रममा आचारसंहिता विपरीत र निर्वाचन विरोधी गतिविधिमा संलग्न २४ जनालाई प्रहरीले देशका विभिन्न स्थानबाट नियन्त्रणमा लिएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं उपत्यकासहित सातै प्रदेशबाट निर्वाचन सुरक्षामा खलल पुर्‍याउन खोज्नेहरूलाई पक्राउ गरिएको हो ।

यसरी पक्राउ पर्नेहरूमा बागमती प्रदेशबाट सबैभन्दा बढी ७ जना रहेका छन् भने मधेश र सुदूरपश्चिमबाट ४-४ जना, कोशी र गण्डकीबाट ३-३ जना तथा काठमाडौं उपत्यका, लुम्बिनी र कर्णाली प्रदेशबाट १-१ जना रहेका छन् । निर्वाचनलाई भयरहित बनाउन र सुरक्षा चुनौतीको सामना गर्न प्रहरीले मतदानका दिन कडा निगरानी बढाएको थियो ।

सुरक्षा व्यवस्थालाई थप कडा बनाउने क्रममा प्रहरीले अनुमति बिना चलाइएका २ हजार ५ सय ९७ वटा सवारी साधनहरूलाई पनि होल्ड गरेको छ । जसमा २ हजार ३ सय ५१ वटा दुई पाङ्ग्रे र २४६ वटा चार पाङ्ग्रे सवारी साधन रहेका छन् ।

लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै ८ सय ८७ र काठमाडौं उपत्यकामा ८ सय ३० वटा सवारी साधन नियन्त्रणमा लिइएका छन् । यसैगरी, काठमाडौं उपत्यकाका दुई स्थानसहित देशभरका १५ ठाउँमा शंकास्पद वस्तुहरू फेला परेका थिए । ती वस्तुहरूलाई सुरक्षित रूपमा डिस्पोज गर्न नेपाल प्रहरीले नेपाली सेनासँग आवश्यक समन्वय गरी निष्क्रिय पारेको छ ।

# काखमा छोरी, हातमा जिम्मेवारी

काठमाडौं/जेनजी विद्रोहपछिको प्रतिनिधिसभा सदस्य निर्वाचन समग्रमा शान्तिपूर्ण रह्यो । तर केही दृश्य यस्ता पनि थिए, जसले औपचारिक प्रक्रियाभन्दा बाहिर गएर मानवीय कथा बोले ।

बाँकेको नेपालगञ्जमा देखिएको एक दृश्य त्यस्तै थियो काखमा ६ महिनाकी छोरी र अगाडि मतदान अधिकृतको जिम्मेवारी । नेपालगञ्ज उपमहानगरपालिका-६ स्थित हडिया बाबा मतदान केन्द्र (क), रामनगरमा अमृता केसी बिहानैदेखि खटिएकी थिइन् । अन्य कर्मचारीझैँ उनी पनि आफ्नो काममा व्यस्त थिइन् । अगाडि कागजपत्रका चाङ थियो । तर फरक यति थियो कि उनको काखमा छ महिने छोरी पनि थिइन् ।

'निर्वाचन नसकिएसम्म घर जान पाइँदैन । घर नजाँदा छोरीको स्तनपानको अधिकार हनन हुन्छ । त्यसैले कार्यस्थलमै ल्याएँ,' उनले संचारकर्मिसँग भनिन् । घरमा श्रीमान्, सासू-ससुरा भए पनि दुधे बच्चालाई छोडेर आउन उनको मनले मानेन । बिहान चार बजे नै छोरी बोकेर उनी मतदान केन्द्र पुगेकी थिइन् । 'घरमा छोडेँ भने ज्यान यता हुन्थ्यो, ध्यान उतै । मातृत्वले जितेपछि काममा असर गर्नसक्थ्यो, त्यसैले आफैँसँग ल्याएँ,' उनले भनिन् ।



उनका लागि मतदान केन्द्रमा स्तनपान कक्षको व्यवस्था गरिएको थियो । समय मिलाएर उनी काम पनि गरिरहन्थिन् र छोरीलाई स्तनपान पनि गराइरहन्थिन् । 'मेरो श्रीमान्ले पनि सघाउनुभयो । त्यसैले दुवै जिम्मेवारी सँगसँगै पूरा गर्न सजिलो भयो,' उनले सुनाइन् ।

### पत्रकारिताबाट सरकारी सेवामा

नेपालगञ्ज निवासी अमृताको पेशागत यात्रा पनि कम रोचक छैन । १३ वर्ष सक्रिय पत्रकारिता गरेकी उनी रेडियो कोहलपुर, कृष्णसार एफएम, रेडियो २४ टेलिभिजन, राष्ट्रिय समाचार समिति जस्ता सञ्चारमाध्यममा आबद्ध रहिन् । दुई वर्षजति नेपाल वातावरण पत्रकार समूहमा र केही समय नेपाल टेलिभिजनमा पनि सक्रिय रहिन् ।

२०७८ साल साउन ३१ गते न्याय सेवातर्फ शाखा अधिकृतमा नाम निकाल्दै उनी सरकारी सेवामा प्रवेश गरिन् । पाटन उच्च अदालत, बर्दिया जिल्ला अदालत हुँदै हाल उनी उच्च अदालत तुलसीपुरको नेपालगञ्ज इजलासमा अधिकृतको जिम्मेवारी सम्हालिरहेकी छिन् ।

### गर्वको क्षण

मतदान अधिकृतका रूपमा काम गर्दा उनीभित्र एक किसिमको गर्व र सन्तोष मिसिएको अनुभव थियो । 'अरूलाई दोहोरो जिम्मेवारी गाह्रो लाग्ला । तर म खुसी छु,' उनी भन्छिन्, 'ऐतिहासिक निर्वाचन सम्पन्न गराउने जिम्मेवारी पनि पाएँ र छोरीको स्तनपानको अधिकार पनि हनन हुन दिइनँ ।'

काखमा छोरी राखेर मतदान अधिकृतको जिम्मेवारी निर्वाह गरेकी अमृता केसीको यो दृश्य धेरैका लागि लामो समय सम्झनामा रहिरहनेछ जहाँ कर्तव्य र मातृत्व आमनेसामने होइन, सँगसँगै थिए ।

## फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं ।

☞ जेन-जी, आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ ।

☞ फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।

☞ सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।

☞ फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुयाउनु सबै नागरिकको कर्तव्य हो ।

☞ सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना